


दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ

ito.dordimun@gmail.com dordigaupalika073@gmail.com

दोर्दी गाउँपालिका, नौथर, लमजुङ

गाउँपालिका विकास योजना २०८३/०८४

'दोर्दीको आधार समृद्ध गाउँपालिका सुशासन, कृषि पर्यटन र रोजगार'

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ
गण्डकी प्रदेश, नेपाल



गाउँपालिका विकास योजना

(वार्षिक नीति, कार्यक्रम तथा बजेट)

आ.व. २०८३/०८४

















" दोर्दीको आधार, समृद्ध पालिका-सुशासन कृषि, पर्यटन र रोजगार "

गाउँपालिका विकास योजना

(वार्षिक नीति, कार्यक्रम तथा बजेट)

आ.व. २०८३।०८४



दोर्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नौथर, लमजुङ

गण्डकी प्रदेश, नेपाल



प्रकाशन : **गाउँपालिका विकास योजना**
(वार्षिक नीति, कार्यक्रम तथा बजेट)
आ.व. ०८३।०८४
प्रकाशक : दोर्दी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, नौथर, लमजुङ।
फोन : ९८५६०४६२६४
Email: dordigaupalika073@gmail.com / ito.dordimun@gmail.com
Website: www.dordimun.gov.np
संरक्षक : अध्यक्ष श्री युवराज अधिकारी
सल्लाहकार: उपाध्यक्ष श्री विच्छ बहादुर घले
प्रमुख प्रशासकीय श्री हेमराज काफ्ले
प्रकाशन समिति : लेखा अधिकृत श्री ताराचन्द्र ढकाल
प्रशासकीय अधिकृत श्री सस बहादुर पुन
सूचना प्रविधि अधिकृत श्री रञ्जित श्रेष्ठ
प्रकाशित प्रति : १५०
मुद्रण : पब्लिक छापाखाना, लमजुङ।

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर शेरा, लमजुङ
गण्डकी प्रदेश, नेपाल

अध्यक्षको कलमबाट



आर्थिक वर्ष २०८३/०८४ का लागि दोर्दी गाउँपलिकाको १९ औं अधिवेशनबाट पारित वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई पुस्तकको रुपमा तयार गरी गाउँपालिकावासी समक्ष प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ । गाउँपालिकाले चालु आ.व.को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँपालिकाको आफ्नो श्रोतको अवस्था, वडाबाट सिफारिस भैं आएका कार्यक्रम तथा आयोजनाहरु, स्थलगत अनुगमन तथा सुपरीवेक्षणबाट प्राप्त अनुभव, बुद्धिजीवि तथा निवर्तमान जनप्रतिनिधी महानुभावहरुबाट प्राप्त राय,सुझाब तथा पृष्ठपोषणलाई बजेट तथा कार्यक्रम तर्जुमाको आधार र मार्ग दर्शनको रुपमा लिएको छु ।

स्थानीय सरकारको मान्यतालाई आत्मसाथ गरी आफ्नो भविष्य आफैं निर्माण गर्ने सुनौलो अवसर स्थानीय तहलाई प्राप्त भएको छ । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, पशु, रोजगार, नागरिक संरचना, भौतिक विकास र पर्यटन क्षेत्रमा उच्च महत्व दिई योजना छनौट गरिएको छ, र यसलाई नै आधार मान्दै आगामी दिनहरुमा थप विकासका कार्यक्रमहरु गर्दै जाने विश्वास दिलाउन चाहन्छु । साथै त्यस्तो सेवा सुविधालाई मितव्ययी, सहभागितामुलक, पारदर्शी, उत्तरदायी, समावेशी, न्यायोचित, दिगो र गुणस्तरयुक्त गराउँदै गरिबी न्यूनिकरण र दिगो विकासको लागि श्रोत र साधनलाई व्यवस्थित गरी संचालन गर्ने उद्देश्य अनुरुप यस गाउँपालिकाको १९ औं अधिबेशनबाट स्वीकृत भएको वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई पुस्तकको रुपमा तयारी पारी प्रस्तुत गरिएको छ ।

सुशासन, पारदर्शीता र जवाफदेहिता कायम राख्दै गाउँपालिकावासीको सकारात्मक राय, सुझाब अनुसार नै स्थानीय सरकार संचालन हुनेछ । यस गाउँपालिकाको विकास योजना तर्जुमादेखि स्वीकृतीको चरणसम्म महत्वपूर्ण सल्लाह, सुझाब एवं सहयोग प्रदान गर्नुहुने गाउँपालिका उपाध्यक्ष, गाउँ कार्यपालिका सदस्यहरु, वडाअध्यक्षहरु, राजनितिदलका पदाधिकारीहरु, विषयगत शाखा तथा कार्यालयहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, विकासप्रेमी दोर्दी गाउँपालिकावासी जनसमुदाय तथा पुस्तक प्रकाशनमा खटिनुहुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

२०८३।०४।०४

युवराज अधिकारी
अध्यक्ष
दोर्दी गाउँपालिका, लमजुङ

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर शेरा, लमजुङ
गण्डकी प्रदेश, नेपाल

मन्तव्य



दोर्दी गाउँपालिकाको गाउँसभाको उन्नाइसौं अधिवेशनमा आ.व. २०८३/८४ को नी बजेट प्रस्तुत गर्ने अवसर पाउँदा आफुलाई भाग्यमानी ठानेको छु। यो अवसर प्रदान गराउनुहुने सम्पूर्ण दोर्दीबासी आमाबुवा, दाजुभाइ तथा दिदीवहिनी तथा समस्त मतदाताहरु प्रति हार्दिक धन्यवाद एवम् आभार प्रकट गदर्छु। त्यसैले गत वर्षको सिकाइलाई मनन् गर्दै, गाउँबासीको सुझावलाई दस्तावेज बनाउँदै, योजना तथा प्रथामिकिकरणलाई चित्रण गर्दै यस गाउँपालिकाको समृद्धि र विकासलाई मुटुमा राखेर आ.व. २०८३/८४ को नीति कार्यक्रम र बजेटलाई सकेसम्म जनमुखी बनाउने प्रयत्न गरेका अधिवेशनबाट पारित गरी यो पुस्तक मार्फत प्रकाशन गरिएको छ।

हामी दोर्दी विकासको योजनाहरुको तर्जुमा गर्ने क्रममा वडा, टोल र बस्तीबस्तीबाट आवश्यकता पहिचान गर्यौं, तत्काल सम्पन्न गर्नुपर्ने योजनालाई प्राथमिकतामा राख्यौं। ९ वटै वडामा वजेटको सिलिङ सहित निर्देशन पठायौं। सो अनुसार छनौट भएर आएका योजनालाई जस्ताको तस्तै यस पुस्तकमा ऐनाको रुपमा ल्याएका छौं। स्थानीय सरकार जनतासँग नजिक रहेर काम गर्ने सरकार भएकोले यसको वित्तीय प्रगति उच्च देखिन्छ।

अन्तमा समृद्ध दोर्दी बनाउने अभियानमा प्रत्यक्ष तथा परोक्षा रुपमा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यू, गाउँसभा सदस्यज्यू, विज्ञ महानभावहरु, राजनीतिज्ञ, समाजसेवी, सञ्चारकर्मी लगायत सम्पूर्ण दोर्दीबासी दाजुभाइ तथा दिदीवहिनी एवम् कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गदर्छु।

मितिः २०८३/०४/१०

विच्छ बहादुर घले
उपाध्यक्ष
दोर्दी गाउँपालिका, लमजुङ

विषय सूची


क्र.सं.	विवरण	पेज
१.	दोर्दी गाउँपालिकाको संक्षिप्त विवरण	१
२.	आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम	४
३.	आ.व. २०८३/०८४ को बजेट वक्तव्य	१४
४.	दोर्दी गाउँपालिकाको आर्थिक ऐन २०८३	२०
५.	दोर्दी गाउँपालिकाको विनियोजन ऐन २०८३	३७
६.	वार्षिक आय तथा व्यय विवरण	३९
७.	आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम	४०
८.	अन्तर सरकारी वित्तीय हस्तान्तरण	१११
९.	गरिबी न्यूनिकरण बजेट	११९
१०.	जलवायु परिवर्तन बजेट	१२०
११.	दिगो विकास लक्ष्य संकेतको आधारमा विनियोजित रकम	१२१
१२.	लैंगिक उत्तरदायी बजेट	१२२
१३.	ग्रामीण सामुदायिक विकास केन्द्रको कार्यक्रम तथा अनुमानित बजेट	१२३
१४.	जनप्रतिनिधि, कर्मचारीहरुको विवरण	१२६

दोर्दी गाउँपालिकाको संक्षिप्त विवरण

१. गाउँपालिकाको परिचय

दोर्दी गाउँपालिका लमजुङ जिल्लामा अवस्थित छ । वि.स. २०७३ सालमा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५३ स्थानीय तह लागु गर्दा लमजुङ जिल्लामा साविकका हिलेटक्सारको (१-८) वडाहरु, भार्ते, अर्चलबोट, श्रीमञ्जाङ, नौथर, पाचोक, ढोडेनी, फलेनी र बन्सार गाउँ विकास समितिहरुलाई समेटेर दोर्दी गाउँपालिका घोषणा गरिएको हो । दोर्दी गाउँपालिकाको क्षेत्रफल ३५०.९३ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ९ वडाहरुमा विभाजन गरिएको छ । यस गाउँपालिकाको कुल जनसंख्या १५६३८ रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा गोरखा जिल्ला र दुधपोखरी गाउँपालिका, पश्चिममा मर्स्याङ्दी गाउँपालिका र बेसीशहर नगरपालिका, उत्तरमा मर्स्याङ्दी गाउँपालिका र दक्षिणमा राइनास र सुन्दरबजार नगरपालिका रहेका छन् ।

१.१ गाउँपालिकामा समावेश भएका वडाहरुर नेपालको नक्सामा दोर्दी गाउँपालिका



तालिका नं. १ : गाउँपालिकामा समावेश भएका वडाहरु

वडा नं.	नाम	साविक वडा	क्षेत्रफल वर्ग कि.मि.
१.	भार्ते	१-९	९.९९
२.	अर्चलबोट	१-९	७.४२
३.	श्रीमन्जाङ	१-९	७.०३
४.	नौथर	१-९	१३.२७
५.	पाचोक	१-९	२८.२२
६.	ढोडेनी	१-९	११३.७३

वडा नं.	नाम	साविक वडा	क्षेत्रफल वर्ग कि.मि.
७.	फलेनी	१-९	१२२.३५
८.	वन्सार	१-९	४०.१
९.	हिलेटक्सार	१-८	८.८२
जम्मा			**३५०.९३**

१.२ ऐतिहासिक पृष्ठभूमि

प्रकृतिको सुन्दर बगैंचा नेपाल-यसै त स्वर्गभन्दा कम छैन । जहाँ रहेका छन् अनुपम सुन्दरताले भरिपूर्ण सम्पदाहरु, सुन्दर मोतिका मालाझैं मुस्कुराउँदा हिमालहरु, नदि, ताल, तलैया तथा हराभरा अग्ला होचा कहि चुच्चो त कहि समथर परेका पहाड उपत्यकाहरु । विश्वमै अतुलनिय प्राकृतिक सम्पदा, जैविक विविधता, किर्तिमानीको लागि चुनौतीपूर्ण भूगोल, साहसिक पर्यटन लगायतका विशेषताका कारण आफ्नो छुट्टै गरिमा स्थापित गरेको मानचित्रमा मध्य क्षेत्रको गण्डकी प्रदेश अन्तर्गत राजधानी काठमाडौंको उत्तरी-पश्चिम दिशामा अवस्थित एक ऐतिहासिक पृष्ठभुमिले सज्जित लमजुङ जिल्लाको लगभग वीच भागमा रहेको सुन्दर गाउँको नाम हो दोर्दी । दोर्दी गाउँपालिका अन्नपूर्ण र वौद्ध हिमालको बिचमा, हिमालचुली र मनास्लुको काखमा अवस्थित, हिन्दु र बौद्ध पावनभूमी, पवित्र दोर्दी र मर्स्याङ्दी प्रवाहित हुने प्रकृतिको अनुपम दृश्य भएको पर्यटकका लागि मनोमोहक एवं सुन्दर गाउँ हो ।

नेपालको कुनै पनि प्रदेशको सिमाना तथा अन्तर्राष्ट्रिय सिमानालाई समेत नछुने र भौगोलिक विभाजन अनुसार हिमाली तथा पडाडी अवस्थित यो गाउँपालिकाको पृष्ठभूमी लमजुङ जिल्लासंगै गाँसिएर आउँछ । मनोरम हिमाली, लेक, गढी संरचनाले भरिपूर्ण यो गाउँकाको उच्च हिमाली क्षेत्रको विचमा यत्रतत्र छरिएर रहेका अग्ला होचा भू-भागहरु लगायत विविध भौगोलिक बनावटले गाउँपालिकाको सुन्दरतालाई वृद्धि गर्न मदत गरिरहेका छन् । यसका साथै यो क्षेत्र समग्र देशको सुन्दर हिमाली आकर्षणयुक्त भुगोलहरुको प्रतिविम्व हो ।

गाउँपालिकाको सिमाना :

पूर्व	दूधपोखरी गा.पा. र गोर्खा जिल्ला
पश्चिम	वेसीशहर न.पा. र मर्स्याङदी गा.पा.
उत्तर	गोर्खा जिल्ला र मर्स्याङदी गा.पा.
दक्षिण	राइनास न.पा., सुन्दरबजार न.पा. र दूधपोखरी गा.पा.
क्षेत्रफल	३५०.९३ वर्ग कि.मि
जनसंख्या	१५६३९ जना (२०७८ को तथ्याङ्क अनुसार)
केन्द्र	नौथर सेरा गाउँपालिकाको कार्यालय
वडा संख्या	९

१.३ भौगोलिक अवस्थिति

जैविक विविधताले भरिपूर्ण यो गाउँपालिका समुन्द्र सतहबाट न्यूनतम वेलघारी ६५० मिटर उचाईदेखि ७८९३ मिटर अग्लो हिमालचुली हिमशिखरसम्म फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । अत्यन्त गर्मी हावापानीदेखि अति ठण्डा हिमाली हावापानीले गर्दा जैविक विविधता एवं वातावरणीय विविधताको दृष्टिले यो ठाउँ निकै प्रसिद्ध छ । धेरैजसो पहाडी भुभाग रहेको यस गाउँपालिकामा नदी किनारका समतल मैदान एवं टारहरु, खोंच तथा वेसी रहेका छन्

१.४ ऐतिहासिक तथा पर्यटकीय स्थलहरु

यस गाउँपालिकाको मुख्य आकर्षण दोर्दी खोला रहेको छ । त्यसवाहेक गाउँपालिकामा किसेदी खोला, छोटे खोला, करेदी खोला, छ्याँङदी खोला रहेका छन् । यस दोर्दी गाउँपालिकामा धेरैजसो धार्मिक स्थलहरु रहेको देखिन्छ जस्मा मन्दिर, गुम्बाहरु रहेका छन् । यहाँ ऐतिहासिक चिनारी भएका बाह्र पोखरी, मेमे पोखरी, लिपे लेक, चामे पोखरी, नोटाचे, उखण्ड, कम्रोडाडाँ, दाम्राङ पोखरी, इलिम पोखरी, गोरुजुरे, जलकन्यादेवी मन्दिर, बुद्ध हिमाल हिमालचुली ग्रेट ट्रेल, गुम्बा(मन्जाङ), हिले टक्सार, कालिका मन्दिर र मनास्लु हिमालको मनोरम दृश्य पनि देख्न पाइन्छ । यस दोर्दी गाउँपालिकामा खुलाल गढी, पाण्डे गढी र घले गढी जस्ता प्रसिद्ध गढीहरु रहेका छन् ।

दोर्दी गाउँपालिका गाउँसभाको उन्नाइसौं अधिवेशनमा
अध्यक्ष श्री युवराज अधिकारीज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३।८४ को
नीति तथा कार्यक्रम

गाउँसभा सदस्यज्यूहरु,

दोर्दी गाउँसभाको यस बैठकमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित अनुभव गरेको छु।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आजको शासकीय व्यवस्था, संरचनागत प्रवन्ध तथा समावेशी, समन्यायिक र सहभागितामूलक सेवा प्रवाहको उचाईमा ल्याई पुर्‌याउने कार्यमा राजनीतिक दल, नागरिक समाज, बुद्धजीवि, व्यवसायी, सञ्चारकर्मी, उद्दमी, कृषक, विद्यार्थी लगायत आम जनसमुदायको बलिदानपूर्ण त्याग र अठोटको उच्च सम्मान व्यक्त गर्दछु।लोकतान्त्रिक शासन व्यवस्था स्थापना र निरंकुश व्यवस्था विस्थापनको महान कार्यमा सहादत प्राप्त गर्ने सबै ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।विधिमा आधारित शासन व्यवस्था, स्थापित लोकतान्त्रिक मूल्य मान्यताहरुको पालना, संविधानले प्रत्याभूत गरेका स्वतन्त्रताको हक, सम्मानपूर्वक बाँच्न पाउने हक लगायतका मौलिक हकहरुको कार्यान्वयन र सुनिश्चितता जस्ता विषयहरु समकालीन वैश्विक र आन्तरिक परिस्थितिमा आम नागरिकले अझ सचेततापूर्वक निगरानी गरी जोगाउनुपर्ने आवश्यकता छ ।पछिल्लो समय युवाहरुले उठान गरेको सुशासन, जनउत्तरदायी शासन व्यवस्था र सूचना प्रविधिमा आधारित झन्झटरहित सेवा प्रवाहको मागमा दोर्दी गाउँपालिका सचेत छ । नागरिकको भावना, कृतिम बौद्धिकतामा आधारित चुनौतीपूर्ण परिवर्तित विश्व व्यवस्था र विधिको परिधिभित्र रहेर आम आकाङ्क्षाहरुको सम्बोधन गर्न तयार रहेको छ । दोर्दी गाउँपालिकालाई निरन्तर मार्गदर्शन गर्ने राजनीतिक नेतृत्व, बौद्धिक वर्ग, समाजसेवी, पूर्व जनप्रतिनिधि, उद्यमी व्यवसायी, सञ्चारकर्मी, राष्ट्रसेवक र कृषकवर्ग प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

आदरणीय सभा सदस्यज्यूहरु,

प्रकृति प्रदत्त श्रोतहरुको प्रचुरता र कृषि तथा पर्यटनबाट रुपान्तरणको उच्च सम्भावना हुँदाहुँदै पनि व्यापक पूर्वाधार निर्माणको दवावबीच अपेक्षाकृत विकास प्राप्त नभएको यथार्थता बोध गरेकै छौं।तथापी दोर्दी गाउँपालिकामा हामीले अनवरत रुपमा सम्भवप्राय प्रयास गरेका छौं र परिवर्तन तीव्र गतिमा भएको विषयमा आम नागरिक जानकार हुनुहुन्छ भन्ने कुरामा विश्वस्त छौं। सडक पूर्वाधार, खानेपानी आयोजना, संस्थागत क्षमता विकास र मितव्ययिता एवम् पारदर्शीता मार्फत सुशासन प्रवर्धनमा महत्वपूर्ण कार्यहरु भएका छन्। नेपालको संविधानको मर्म र भावना, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, सङ्घीय र प्रादेशिक सरोकारित कानुनहरु तथा स्थापित परम्परा, मानक र सिद्धान्तमा आधारित रहेर र नीति तथा कार्यक्रम तयार गरिएको छ।

दोर्दी गाउँपालिकाको चालु आ.व. २०८२।८३ को बजेट कार्यान्वयनको अभ्यासबाट आर्जित सिकाई एवम् सरोकारवालाहरुको सुझावबाट आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम तर्जुमामा पुग्ने महत्वपूर्ण योगदानले बस्तुनिष्ठ र कार्यान्वयनयोग्य योजनाहरु पेश हुनेछन् ।दोर्दी गाउँपालिकाको अमूल्य निधिको रुपमा

रहेको जल, जङ्गल र जमिनको उच्चतम् उपयोगको आकांक्षा राखी तय भएको नीति तथा कार्यक्रमले दोर्दीबासी सबै नागरिकको आवश्यकता र भावनाको न्यायपूर्ण प्रतिनिधित्व र कदर गर्नेछ ।

चक्रिय अर्थतन्त्र (Circular Economy), जलवायु उत्थानशीलता (Climate resilience), लैङ्गिक उत्तरदायी कार्यक्रम, दीगो विकास लक्ष्य प्राप्ति केन्द्रित विकास तथा कार्यक्रम कार्यान्वयन, बाल मैत्री स्थानीय शासन कार्य कार्यान्वयन, पोषणमैत्री स्थानीय तह कार्य कार्यान्वयन जस्ता विषयमा नीतिगत स्पष्टताका साथ अगाडि बढिरहेकै छौं। नेपाल सरकार र गण्डकी प्रदेश सरकारका प्राथमिकतालाई सहयोग पुऱ्याउने गरी नीति अवलम्बन गरिएको छ। नेपाल सरकारले सुशासनका लागि गरेका विधिसम्मत पहलहरुको सराहना गर्दै सोही लय समन्न तयार रहेका छौं। समावेशी र समन्यायिक विकास व्यवस्थापन गरी दिगो र फराकिलो आर्थिक विकासको प्रवाह सुनिश्चित गर्न नागरिक समाज, उद्योगी, व्यवसायी, निजी क्षेत्र, सहकारी, संघ संस्था, जलविद्युत आयोजना लगायत समाजका सबै तह र तप्काका नागरिकसँग सहकार्य गरी अगाडि बढ्न प्रतिबद्ध छौं। सङ्घीय सरकार, प्रदेश सरकार, लमजुङ जिल्लास्थित छिमेकी गाउँपालिका तथा नगरपालिकाहरु र लमजुङ बाहिरका स्थानीय तहहरुसँग समेत सहकार्य गरी असल अभ्यासलाई आन्तरिकीकरण गर्न प्रयासरत रहनेछौं। विदेशी मुलुकका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध स्थापना र विस्तारका प्रयासलाई निरन्तरता दिनेछौं।

गाउँसभाका सदस्यज्यूहरु,

अब म यस दोर्दी गाउँपालिकाको आ.व. २०८३।८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु। नेपाल सरकार र गण्डकी प्रदेश सरकारले लिएका प्राथमिकता र दिएका निर्देशनहरु तथा गाउँपालिकाका आफ्ना विशिष्ट आवश्यकताका आधारमा गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरु तय गरेको छ। विषयगत क्षेत्रहरु बमोजिम बाँडफाँट हुने बजेटको मूल सन्दर्भ निम्न नीति रहनेछन्।

आर्थिक विकास तर्फ

१. गरिबी निवारणको राष्ट्रिय लक्ष्यलाई अबलम्बन गर्दै आर्थिक विकासका सम्वाहक कृषि तथा पशुपालन, पर्यटन, लघु उद्यम, जलविद्युत, सिँचाई, रोजगारी सिर्जना जस्ता क्षेत्रमा लगानि केन्द्रित गरी युवाहरुलाई आत्मनिर्भर वनाउने नीति लिईनेछ।

२. बाँझो जमिनमा वाली-आफनै उत्पादनको थालीः बाझो जमिन उपयोगमा ल्याउन फलफूल खेती, मसलाबाली तथा नगदेवाली खेतीलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

३. एक गाउँ, एक उत्पादन कार्यक्रमलाई Pilot Program को रुपमा प्राथमिकता साथ अगाडि वढाईनेछ।

४. गाउँपालिका भित्रका खेतीयोग्य जमिनमा वाह्रै महिना सिँचाई सुविधाको प्रवन्ध मिलाउन सिँचाई पूवार्धारको निर्माण र मर्मत सम्भार गरिनेछ।

५. स्थानीय कृषि उपजहरुको सहज बजारीकरणको लागि व्यवस्थित हाटवजार, दुध संकलन केन्द्र, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर सञ्चालन, कफी सङ्कलन केन्द्र स्थापना सञ्चालन र स्तरोन्नति गरिनेछ। साथै स्थानीय वजार प्रवर्द्धन गर्न समूह, सहकारी मार्फत बजारीकरणलाई सहज गराइनेछ।

६. आय वृद्धिका लागि स्थानीय उद्यमी, व्यावसायी ,संघ तथा संगठनहरुसँग सहकार्य गरी उद्यमशील युवालाई स्टार्टअप फण्ड अनुदान चालु आ.व. मै सुरुवात गरी आगामी आ.व. मा निरन्तरता दिइनेछ।

७. स्वस्थ पशुधन, सुरक्षित पशुजन्य पदार्थ उत्पादनका लागि पशुपन्छी रोगको निदान, नियन्त्रण र रोकथामका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८. रैथाने वाली तथा स्थानीय पशुपन्छी नस्लहरुको संरक्षण, प्रवर्द्धन, व्यावसायीकरण र बजारीकरण मार्फत कृषि जैविक विविधता तथा स्थानीय अर्थतन्त्रको विकास गरिनेछ।

९. उच्च मूल्यका नगदेवालीहरु (अकबरे खुर्सानी, कफी, अलैची, आलु तरकारी, मौसम अनुकुलका सुन्तला, किवी, ड्रागनफ्रुट, मौरीपालन, च्याउ खेती) तथा व्यवसायिक गाई, भैंसी, बाख्रापालन, माछापालन, कुखुरापालन लगायत उत्पादन प्रवर्द्धन गर्न सहयोग गरिनेछ।ज्ञान, सीप र प्रविधि विस्तारको लागि कृषकहरुलाई आवश्यक तालिम तथा प्रविधि हस्तान्तरण गरिनेछ।

१०. पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि विभिन्न निकायहरुको समन्वयमा पर्यटन पूर्वाधार निर्माण तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. पर्यटन व्यवसायको व्यवसयीकरण, आधुनिकीकरण र उद्यमशीलताको लागि आवश्यकतामा आधारित तालिम तथा क्षमता अभिवृद्वि कार्यक्रम सञ्चालन गरिनेछ।

१२. परम्परागत रुपमा चल्दै आएको हनिहन्टिङलाई व्यवस्थित, सुरक्षित र साहसिक पर्यटकीय गतिविधिको रुपमा प्रवर्द्धन गर्दै विभिन्न निकाय सँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३. पदमार्ग, धार्मिक पर्यटन, साहसिक पर्यटन र पर्यापर्यटनको विकास गर्ने एवम् नेपाल सरकार द्वारा प्राथमिकता प्राप्त दोर्दी हिमाल ट्रेक भित्रका भू-भागहरुमा पर्यटनको पूर्वाधार र उच्च पहाडी भू-भाग भित्र बसोबास गर्ने नागरिकलाई आर्थिक गतिविधिसँग जोडिनेछ। धार्मिक पर्यटनको विकास गरिनेछ। आगामी आर्थिक वर्ष २०८३/८४ को लागि दोर्दी हिमाल ट्रेक शीर्षकमा रु ५ करोड बजेट विनियोजन गरेकोमा नेपाल सरकार प्रति आभार प्रकट गर्दछौ।

१४. गाउँपालिका भित्र सञ्चालन भएका होमस्टेहरुको प्रवर्द्धन, विकास र अतिथि देव भव संस्कृतिको संरक्षण गर्दै आन्तरीक तथा वाह्य पर्यटकलाई आकर्षित गर्न एक वडा, एक छाक, एक रात" भन्ने अभियानलाई निरन्तरता दिईनेछ।

१५. माटो परीक्षण गरी माटो अनुकुलको प्राङ्गारिक तथा जैविक मलको प्रयोग मार्फत माटोको स्वास्थ्य सुधार गरी कृषि उत्पादकत्व वृद्धि गरिनेछ।

१६. दोर्दी हिमाल क्षेत्रमा पर्ने हिमालचुली हिमाल आरोहण खुला गर्न नेपाल सरकार समक्ष प्रस्ताव गरिनेछ।

१७. जडीबुटी हुर्केको प्राकृतिक स्थानमै व्यावसायिक खेतीको सुरुवात गर्न कानुनी र व्यावहारिक सम्भावनाको अध्ययन गरिनेछ।

सामाजिक विकास तर्फ

१८. विद्यालय शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउन विद्यालय व्यवस्थापन, गाउँपालिका तथा सरोकारवालाहरुको सघन सहकार्य सूनिश्चित गरी विद्यालय व्यवस्थापन समिति, प्राज्ञिक गतिविधि र अतिरिक्त कियाकलापक समूचित व्यवस्थापन गरिनेछ।दोर्दी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा कम्प्युटर मर्मतका लागि विद्यालयकै शिक्षक/कर्मचारीलाई आवश्यक तालिम प्रदान गरी विद्यालयमै कम्प्युटर मर्मत गर्ने व्यवस्था मिलाईनेछ।

१९. दोर्दी गाउँपालिका भित्र रहेका प्रत्येक वडाका वजार क्षेत्रमा बाल उद्यान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२०. सबै माध्यमिक तथा आधारभूत विद्यालयहरुमा गठन भएका जुनियर रेडक्रस, स्काउट र बाल क्लबहरुलाई सक्रिय रुपमा परिचालन गरिनेछ।सबै विद्यालयहरुमा मापदण्ड अनुसार बालमैत्री सिकाई शिक्षण पद्धति अबलम्बन गरिनेछ।

२१. सबै सामुदायिक विद्यालयहरुमा पाक्षिक रुपमा विद्यालयसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गरिनेछ। साथै जेष्ठ नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै घुम्ती क्लिनिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२. "जलविद्युतको आम्दानी- स्वास्थ्यमा लगानी"- दोर्दी गाउँपालिका स्थायी ठेगाना भई स्थायी रुपमा वसोवास गरी दोर्दीमै चुल्हो बालिरहेका सम्पूर्ण घर परिवारको स्वास्थ्य उपचारको प्रत्याभूति गर्न निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ तर स्वेच्छिक रुपमा आफ्नै सक्षमताले स्वास्थ्य बिमा गरी गाउँपालिकाको बिमा कार्यक्रमलाई सहयोग पुऱ्याउने परिवारलाई प्रमाण पत्र सहित सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। कक्षा १२ माथिका प्राविधिक धारमा दोर्दी गाउँपालिका क्षेत्र भित्र अध्ययनरत विधार्थीहरुलाई छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. युवाहरुको सीप क्षमता र उर्जाको सदुपयोयका लागि विकास कार्यमा सहकार्य गर्ने नीति लिइनेछ। खेलकुद क्षेत्रको विकास गर्न खेलमैदान निर्माण, खेल सामग्री व्यवस्थापन, खेलाडी प्रोत्साहन, खेलकुद प्रतियोगिता लगायतलाई उच्च प्राथमिकतामा राखी निरन्तरता दिइनेछ।

२४. गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुबाट एस.ई.ई. परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक छात्र, एक छात्रा र बिद्यालयलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२५. विद्यार्थी सङ्ख्या न्यून भएका र विद्यार्थी थपिने सम्भावना नरहेका विद्यालयहरुलाई सरोकारवाला सबैको समन्वय र सहमतिमा अन्य नजिकका पायक पर्ने विद्यालयमा समायोजन गर्दै जाने नीतिलाई निरन्तरता दिईनेछ। तथापी विद्यार्थी सङ्ख्या न्यून रहे तापनि आवतजावतका दृष्टिकोणबाट विद्यार्थीलाई असहज हुने गरी समायोजन गरिने छैन ।

२६. दोर्दी गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा सञ्चालनमा रहेको प्रारम्भिक बाल विकास केन्द्रहरुमा न्यूनतम मापदण्ड पुरा गरी सञ्चालन गरिनेछ ।

२७. दोर्दी गाउँपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई श्रोत केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

२८. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अल्पसंख्यक र अपाङ्गता भएका व्यक्ति यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकता दिइनेछ ।

२९. लैगिंक समानता र महिला सशक्तीकरण मार्फत हरेक तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चत गदै नेतृत्व तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

३०. शिक्षा, रोजगारी, जीविकोपार्जन सुधार विषयमा महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

३१. गरिब तथा विपन्न, दलत, जनजाति, एकल, अपाङ्गता भएका महिला लैङ्गिक तथा यौनिक अल्पसंख्यक र हिंसा पीडित महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै महिला तथा किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य गरिनेछ। बल्त्कार तथा हिंसा पीडित तथा प्रभावित महिलाको सुरक्षा, राहत र उद्धारको लागि लैङ्गिक हिंसा निवारण कोषलाई सक्रिय बनाइने छ।

३३. सबैखाले बालश्रम शोषणको अन्त्य गरिनेछ। अनाथ, असहाय, अभिभावक विहीन, अपागंता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाको लागि बाल कोषको स्थापना भैसकेकोले सो कोषबाट प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

३४. अपागंता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ। दोर्दी गाउँपालिकामा निर्माण हुने संरचनाहरु बालबालिका, ज्येष्ठ नागरिक एवम् अपाङ्गता मैत्री बनाउँदै लगिनेछ ।

३५. दोर्दी गाउँपालिकालाई २०८३ फागुन मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक व्यवस्था मिलाइने छ।

३६. लागु पदार्थ दुर्व्यसनी, बालविवाह, दाइजो प्रथा बोक्सी प्रथा जातीय छुवाछुत लैङ्गिक विभेद लगायतका सामाजिक कुरीति विरुद्ध नेपाल प्रहरी तथा एकीकृत सेवा कार्यालय, लमजुङसँगको सहकार्यमा सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

३७. दोर्दी गाउँपालिका वडा नं ४ स्थित ५ शैय्याको दोर्दी आधारभूत अस्पताललाई चिकित्सक सहितको स्वीकृत दरवन्दी तेरिज वमोजिम स्वास्थ्य कर्मी व्यवस्थापन गरी सञ्चालनमा ल्याइनेछ।

३८. दोर्दी गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुबाट प्रदेश अस्पताल, लमजुङको सहकार्यमा टेलिमेडिशिन सेवा सञ्चालन गरिनेछ।

३९. राष्ट्रिय महिला सामुदायिक स्वास्य स्वयमसेविका कार्यक्रम २०७६ अनुसार दीर्घकालीन सेवाको लागि सम्मानजनक विदाईको मापदण्ड भित्र नपरेका तर २० वर्ष भन्दा बढी समयसम्म सेवा पुर्‍याएका महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई सुविधा सहितको सम्मानजनक विदाईको व्यवस्था गरिनेछ ।

४०. स्वास्थ्य संस्थाको कामकाजलाई चुस्तदुरुस्त बनाउन तथा स्वास्थ्य संस्था सुधारको लागि स्वास्थ्य संस्था सञ्चालन तथ व्यवस्थापन समितिको बैठकलाई नियमित गरिने छ।

४१. नेपाल सरकारको प्रोटोकल अनुसार गर्भ जाँच तथा सुनौला हजार दिनका आमाहरुको स्वास्थ्यमा सुधार ल्याई दोर्दी गाउँपालिकामा घरैमा हुने सुत्केरी दरलाई शुन्यमा ल्याउनको लागि प्रोत्साहन व्यवस्था गरिनेछ र मातृ तथा नवजात शिशु मृत्युदरलाई घटाइनेछ।

४२. स्वास्थ्य प्रयोगशालालाई थप व्यवस्थित वनाइ स्वास्थ्य परीक्षण सेवा थप प्रभावकारी तथा गुणस्तरयुक्त बनाइनेछ।

४३. दोर्दी गाउँपालिका अन्तर्गत हाल सञ्चालनमा रहेका प्रसुति केन्द्र (Birthing Center) लाई सुदृढ गरी प्रभावकारी र गुणस्तरीय सेवाको व्यवस्था गरिनेछ।

४४. आगामी २०८३ फागुन मसान्त भित्र पोषणमैत्री स्थानीय तह घोषणाको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. विद्यालय स्वास्थ्य सुधारको लागि विद्यालय स्वास्थ्य तथा पोषण लेखाजोखा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४६. नागरिकलाई सहज, गुणस्तरीय तथा प्रभावकारी आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले आयुर्वेद औषधालय र औषधालय शाखामा आवश्यक औषधी, उपचार सामग्री तथा स्वास्थ्योपयोगी उपकरणको नियमित व्यवस्थापन गरी सेवा प्रवाहलाई थप सुदृढ र व्यवस्थित बनाइनेछ।

४७. संस्थाको पहुँचभन्दा टाढा रहेका समुदायलाई लक्षित गरी निःशुल्क आयुर्वेद स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरिनेछ। यस्ता शिविरमार्फत रोगको प्रारम्भिक पहिचान, उपचार, परामर्श तथा स्वास्थ्य सचेतना अभिवृद्धि गरिनेछ।

४८. बालबालिका तथा किशोरकिशोरीहरूको शारीरिक मानसिक सामाजिक तथा आध्यात्मिक स्वास्थको अभिवृद्धि गरी स्वस्थ जीवनशैलीको विकास गर्न विद्यालयस्तरमा आयुर्वेद, योग, ध्यान, प्राकृतिक स्वास्थ्य संरक्षण तथा नसर्ने रोग रोकथाम सम्बन्धी शिक्षा तथा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४९. स्थानीय क्षेत्रमा पाइने बहुमूल्य जडीबुटीहरूको पहिचान, संरक्षण, संवर्द्धन तथा दिगो उपयोगलाई प्रोत्साहन गरिनेछ। समुदायस्तरमा जडीबुटीको महत्वबारे जानकारी प्रदान गर्दै जैविक विविधता संरक्षण र आयआर्जनका अवसर सिर्जना गर्न पहल गरिनेछ।

५०. आयुर्वेद औषधालयमा न्यूनतम सेवा मापदण्ड कार्यान्वयन गर्दै आयुर्वेदको अर्ध चिकित्साको रुपमा रहेको पञ्चकर्म तथा पूर्वकर्म सेवाको क्रमिक विस्तार गरिनेछ। आवश्यक उपकरण, सामग्री तथा पूर्वाधार व्यवस्थापनमार्फत गुणस्तरीय आयुर्वेद सेवा प्रदान गरिनेछ।

५१. विद्यालयहरुलाई हरित विद्यालय अवधारणा बमोजिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।विद्यालयको भौतिक र प्राज्ञिक विकासलाई उच्च प्राथमिकतामा राखिनेछ ।

पूर्वाधार विकास तर्फ

५२. गाउँपालिका भित्रका रणनीतिक, कृषि, पर्यटन तथा सेवा पहुँच विस्तार गर्ने सडकहरूलाई प्राथमिकताका आधारमा स्तरोन्नति, विस्तार तथा नियमित मर्मत सम्भार गरिनेछ। सडक निर्माणमा गुणस्तर, वातावरणीय संरक्षण तथा जलवायु उत्थानशीलताको सिद्धान्त अवलम्बन गरिनेछ।

५३. सडक निर्माणमा आवश्यक स्थानहरूमा नाली, कल्भर्ट, ड्रेनेज, ढल निकास, जैविक इन्जिनियरिङ तथा पहिरो नियन्त्रण संरचना अनिवार्य रूपमा समावेश गरिनेछ।

५४. दुर्गम बस्ती तथा सेवा केन्द्रहरूलाई जोड्ने झोलुङ्गे पुल तथा मोटरेबल पुल निर्माणलाई प्राथमिकता दिइनेछ। विद्यालय, स्वास्थ्य संस्था, कृषि उत्पादन क्षेत्र तथा पर्यटकीय गन्तव्यसम्म सुरक्षित पहुँच सुनिश्चित गरिनेछ।

५५. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, सामुदायिक भवन तथा सार्वजनिक संरचनाहरूलाई राष्ट्रिय भवन संहिता तथा अपाङ्गमैत्री मापदण्डअनुसार निर्माण तथा स्तरोन्नति गरिनेछ।

५६. निर्माण सम्पन्न भइसकेका सडक, भवन, खानेपानी, सिंचाइ तथा अन्य सार्वजनिक संरचनाहरूको संरक्षणका लागि नियमित मर्मतसम्भार कार्यक्रम सञ्चालन गरिनेछ।नयाँ निर्माणभन्दा पहिले विद्यमान संरचनाको संरक्षणलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

५७. कृषि उत्पादन वृद्धि तथा वर्षभरि सिंचाइ सुविधा उपलब्ध गराउन कुलो, पाइप सिंचाइ, जलाशययुक्त साना सिंचाइ योजनाहरूको निर्माण, मर्मत तथा विस्तार गरिनेछ। जलवायु परिवर्तनका कारण सुक्दै गएका

मुहानहरूको संरक्षण तथा पुनर्जीवन कार्यक्रम सञ्चालन गरिनेछ।कुल १३ वटा साना सिँचाई आयोजनाहरु निर्माण गरिनेछ।

५८. प्रत्येक नागरिकलाई सुरक्षित तथा गुणस्तरीय खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ खानेपानी योजना निर्माण, मर्मत तथा विस्तार गरी एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ। खानेपानीका मुहान, जलाधार तथा जलस्रोत संरक्षण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

५९. गाउँपालिकाभित्रका खानेपानी योजनाहरू, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्रोतहरूको नियमित पानी परीक्षण गरिनेछ। सूक्ष्म जीवाणु, रासायनिक तथा भौतिक परीक्षणसहितको Comprehensive Water Quality Monitoring गरिनेछ।

६०. निर्माण सामग्री परीक्षण, खानेपानी परीक्षण, वातावरणीय अनुगमन तथा विपद् पछिको सामान्य संरचनागत मूल्याङ्कनकार्यहरु स्थानीय स्तरमै गर्न सकिने गरी गाउँपालिका स्तरीय प्रयोगशाला स्थापना गरिनेछ।

६१. विद्यालय, स्वास्थ्य संस्था तथा समुदाय स्तरमा सुरक्षित खानेपानी, सरसफाई तथा व्यक्तिगत स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री शौचालय निर्माणलाई प्राथमिकता दिइनेछ।बालबालिकालाई विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा आपतकालीन तयारी सम्बन्धी ज्ञान, सीप र व्यवहार विकास गर्दै विद्यालय तथा समुदाय स्तरमा सुरक्षित, उत्थानशील र विपद् सचेत नागरिक तयार गरिनेछ।

६२. विद्यालय, सार्वजनिक भवन, पार्क, खेलमैदान तथा सार्वजनिक सेवामा पहुँच हुने सम्पूर्ण संरचनाहरू बालमैत्री तथा अपाङ्गमैत्री मापदण्डअनुसार निर्माण तथा स्तरोन्नति गरिनेछ।

६३. जुमगढी, इलिमपोखरी, लिपेलेक, नागीडाँडा, कुम्रोडाँडा, चामेपोखरी, मेमेपोखरी, वाह्रपोखरी लगायतका पर्यटकीय क्षेत्रहरूको संरक्षण, प्रवर्द्धन तथा पूर्वाधार विकास गरिनेछ। नेपाल पर्यटन बोर्डको दीगो पर्यटन परियोजना लगायतका संस्था तथा परियोजनासँग साझेदारीमा होमस्टे र आवासीय सेवा प्रदायकहरूलाई शौचालय, स्नानगृह, फोहोर व्यवस्थापन तथा सुरक्षित खानेपानी प्रणाली सुधार गरिनेछ।

६४. बजार, पर्यटकीय स्थल, धार्मिक क्षेत्र तथा सार्वजनिक स्थानहरूमा अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

६५. जैविक तथा अजैविक फोहोरको स्रोतमै वर्गीकरण (Segregation), सङ्कलन, पुनः प्रयोग (Re-Use) तथा पुनर्चक्रय प्रणाली (Recycle) अभ्यास गर्न छिमेकी स्थानीय सरकारसँग सहकार्य गरिनेछ। जैविक फोहोरबाट कम्पोस्ट मल उत्पादन तथा अजैविक फोहोरबाट आयआर्जनका कार्यक्रम Upcycling सञ्चालन गर्न विज्ञहरुको राय बमोजिम सुन्दरबजार नगरपालिकासँग सहकार्य गरिनेछ।

६६. बजार क्षेत्र तथा घना बस्तीहरूमा घरदैलो फोहोर सङ्कलन प्रणाली लागू गरिनेछ। फोहोर वर्गीकरण, ट्रान्सफर स्टेशन जस्ता कार्यहरु स्थानीय स्तरमा क्लब तथा अन्य संघसंस्थाको सहयोग तथा समन्वयमा संचालन गरिनेछ।साथै फोहरमैला व्यवस्थापनको लागि दोर्दी गाउँपालिका वडा नं ४ स्थित शान्ति मिलन युवा क्लबले कार्यारम्भ गरेकोमा उक्त क्लबलाई धन्यवाद एवम् आभार प्रकट गर्दछौं।

६७. वृक्षारोपण, नदी तथा खोल्सी संरक्षण, पहिरो नियन्त्रण, जैविक इन्जिनियरिङ, जलाधार संरक्षण तथा प्लास्टिक न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६८. बाढी, पहिरो, भूक्षय, डढेलो तथा अन्य प्राकृतिक विपद्का जोखिमहरूको पहिचान, नक्साङ्कन तथा न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ। जोखिमयुक्त बस्ती तथा पूर्वाधारहरूको सुरक्षा तथा संरक्षणलाई प्राथमिकता दिइनेछ।

६९. हरेक वडामा विपद् स्वयम्सेवक समूह गठन गरी खोज तथा उद्धार, प्राथमिक उपचार, आगलागी नियन्त्रण, आपतकालीन प्रतिकार्य तथा राहत व्यवस्थापन सम्बन्धी नियमित तालिम सञ्चालन गरिनेछ।

७०. विपद् जोखिमयुक्त क्षेत्रहरूमा उद्धार सामग्री, प्राथमिक उपचार सामग्री, स्ट्रेचर, डोरी, लाइफ ज्याकेट, चेनस, सञ्चार उपकरण लगायतका सामग्रीको व्यवस्थापन गरिनेछ।

७१. युवाहरूको स्वास्थ्य, खेलकुद विकास तथा आन्तरिक पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका स्तरीय बहुउद्देश्यीय रंगशाला तथा खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नति गरिनेछ।

७२. सडक, भवन, खानेपानी, सिंचाइ, विपद् जोखिम क्षेत्र तथा सार्वजनिक सम्पत्तिको अभिलेखीकरण तथा व्यवस्थापन प्रणाली विकास गरिनेछ।

७३. पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखाका प्राविधिक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, अध्ययन अवलोकन भ्रमण, प्रयोगशाला परीक्षण, GIS, ड्रोन सर्भे, विपद् व्यवस्थापन, जलवायु अनुकूलन तथा आधुनिक पूर्वाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

७४. दोर्दी गाउँपालिकाको भौगोलिक अवस्था, बाढी, पहिरो, आगलागी, भूकम्प तथा अन्य विपद्को सम्भावित जोखिमलाई मध्यनजर गर्दै विपद् व्यवस्थापनलाई थप प्रभावकारी, समन्वयात्मक तथा स्रोत– साझेदारीमा आधारित बनाउन छिमेकी स्थानीय तहहरू, जिल्ला स्थित सरोकारवाला निकायहरू तथा सुरक्षा निकायहरूसँग सहकार्य तथा समन्वय अभिवृद्धि गरिनेछ।

७५. विपद्को समयमा जनशक्ति, प्राविधिक सहयोग, उद्धार सामग्री, उपकरण तथा स्रोत साधनको आपसी परिचालन र सहयोग सुनिश्चित गर्न दोर्दी गाउँपालिकाको विशेष पहलमा छिमेकी स्थानीय तहहरूलाई आमन्त्रण गरी "अन्तरपालिका विपद् समन्वय तथा आपसी सहायता कार्यक्रम" सञ्चालन गरिनेछ। उक्त कार्यक्रम मार्फत विपद् पूर्वतयारी, प्रतिकार्य, उद्धार, राहत व्यवस्थापन तथा पुनःस्थापनाका क्षेत्रमा सहकार्य गर्ने समझदारी तथा समन्वयको वातावरण निर्माण गरिनेछ।

७६. आवश्यकतानुसार Inter-Municipality Disaster Mutual Aid Mechanism (अन्तरपालिका विपद् आपसी सहायता संयन्त्र) स्थापना गरी विपद्को समयमा स्रोत साधन तथा जनशक्तिको साझा परिचालनलाई संस्थागत गरिनेछ।

७७. गाउँपालिकाका सम्पूर्ण पूर्वाधार, वातावरण, सरसफाइ, खानेपानी, विपद् व्यवस्थापन तथा पर्यटन कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य (SDGs) सँग आबद्ध गर्दै समावेशी, सुरक्षित, जलवायु उत्थानशील तथा दिगो विकासमा जोड दिईनेछ।

७८. गाउँपालिकाको स्वामित्वमा रहेका प्रयोगविहीन संरचनाहरू आवश्यक मर्मतसम्भार गरी सामुदायिक संस्था, महिला समूह, युवा क्लब, सहकारी संस्था, कृषि तथा उद्यम विकास केन्द्र, विपद् व्यवस्थापन केन्द्र, सामुदायिक पुस्तकालय, पर्यटक विश्रामस्थल, होमस्टे सहयोग केन्द्र वा अन्य सार्वजनिक प्रयोजनका लागि समुदाय स्तरमा हस्तान्तरण गरी सञ्चालनको व्यवस्था मिलाइनेछ।

वन, वातवरण तर्फ

७९. सामुदायिक वन उपभोक्ता समूहसँग सम्बन्धित विवरणहरु गाउँपालिकामा अध्यावधिक गरी अभिलेखिकरण गरिनेछ।

८०. जलवायु परिवर्तनका असरहरुसँग जुध्न सबै सरोकारित कार्यक्रमहरु जलवायु अनुकुलनलाई सहयोग पुग्ने गरि कार्यान्वयन गरिनेछ। नवीकरणीय उर्जा प्रयोगलाई प्रोत्साहन गरिनेछ। जलवायु परिवर्तन सम्बन्धमा जनचेतना जगाउन जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ।

८१. नीजि, समुदायिक, कबुलियती लगायत वनको संरक्षण र उपयोग गर्ने एवम् पर्यावरणको संरक्षणमा सामुहिक प्रयास गरिनेछ।वनमा डढेलो लगाउने व्यक्ति समूहको पहिचान गरि कार्वाहि गरिनेछ। वनको क्षेत्रमा काम गर्ने संघ संस्थाको सहकार्यमा वन डढेलो नियन्त्रण सम्वन्धि जनचेतना अभियान सञ्चालन गरिनेछ।

८२. फलफूल रोपौं, वाली जोगाऔं, मानव र वन्यजन्तु सह अस्तित्व वढाऔं।"भन्ने अभियान सहित मानव र बाँदर लगायत वन्यजन्तु द्वन्द न्यूनीकरणको लागि वन सीमाना क्षेत्रमा फलफूल रोपण अभियान कार्यक्रम सञ्चालन गरिनेछ।

८३. पर्यावरणीय सुरक्षा र संरक्षणका लागि योगदान पुर्याउने हेतुले दोर्दी गाउँपालिका क्षेत्रमा माछा मार्न गाउँपालिकामा सूचीकृत हुनुपर्ने व्यवस्था गरिनेछ। दोर्दी गाउँपालिका बाहिरका व्यक्ति वा समूहलाई सूचीकरण गरिने छैन। साथै विद्युत, विषादी तथा अन्य अबैध माध्यम प्रयोग गरी माछा मार्नेलाई आर्थिक ऐनमा प्रशासनिक दण्ड जरिवाना व्यवस्था गरी लागु गरिनेछ ।

संस्थागत विकास तथा सेवा प्रवाह

८४. कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई छिटो-छरितो बनाउन प्रविधियुक्त तालिमहरुलाई निरन्तरता दिईनेछ।

८५. सेवाग्राहीहरुले घरमै बसेर अनलाईन सिफारिस, कर भुक्तानी जस्ता सेवाहरु छिटो छरितो र पारदर्शी सेवा लिन अनलाईन माध्यमहरुको बिस्तार गर्दै लगिनेछ।

८६. दोर्दी गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी प्रयोगमा रहेको र सामुदायिक विद्यालयहरुमा पनि विदा, हाजिरी र समयको परिपालन लगायतका विषयहरु चुस्त बनाउनका लागि ई-हाजिरी सञ्चालनमा ल्याईनेछ।

८७. उच्च गुणस्तरीय काम निर्धारित समयमै सम्पन्न गर्ने उपभोक्ता समिति, ठेकेदार लगायतलाई पुरष्कृत गरिनेछ। उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई प्रोत्साहन व्यवस्थालाई निरन्तरता दिइनेछ।

८८. भ्रष्टाचार प्रति शुन्य सहनशीलताको नीति लिइनेछ। गाउँपालिकाबाट सम्पादित कामहरुको त्रैमासिक स्वतः प्रकाशनलाई निरन्तरता दिइनेछ। सूचनाको हकको कार्यान्वयनलाई थप प्रभावकारी बनाइनेछ।

८९. वडास्तरीय मेलमिलाप केन्द्रहरुलाई थप प्रभावकारी बनाई न्यायिक समस्याको समाधानमा सहजीकरण गरिनेछ।

९०. कर्मचारीहरुलाई समय अनुकुनको सूचना प्रविधिको प्रयोग मार्फत क्षमता अभिवृद्धि गर्ने र जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण मार्फत असल अभ्यास आदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९१. सूचीकरण भएका तीन पाङ्ग्रे सवारी साधनहरुको अनुगमन तथा नियमन गरिनेछ।

९२. गाउँपालिकामा विभिन्न कार्यक्रम सञ्चालन गर्न इच्छुक गैर सरकारी संस्थाहरुको अनिवार्य सूचीकरणको व्यवस्था गरिनेछ। गैर सरकारी संस्थाले कार्यक्रम सञ्चालन हुनु अगावै वजेट र कार्यक्रम गाउँ सभाबाट स्वीकृत तथा गाउँसभाले तोकेको समितिसँग कार्यक्रम पास गरेर मात्र कार्यक्रम गर्न सकिने व्यवस्था गरिनेछ।

९३. विकास लाभको समन्यायिक वितरण सुनिश्चित गरिनेछ। विपन्न र लक्षित वर्गले प्राथमिकता पाउने व्यवस्था मिलाइनेछ ।असमानताको खाडललाई कम गर्ने अधिकतम प्रयास गरी आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९४. मित्रराष्ट्र जनगणतन्त्र चीनको युनान प्रान्त नुजियाङ प्रिफेक्चरको फुगोङ काउन्टीसँग गाउँपालिकाको भगिनी सम्बन्ध कायम भई सकेकोले द्विपक्षीय सम्बन्ध विस्तारका क्षेत्रहरु पहिचान गरी विशेष गरी साँस्कृतिक, कृषि, पर्यटन र सामाजिक अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ। साथै, अन्य मित्रराष्ट्रहरु एवम् नेपालकै अन्य स्थानीय तहहरुसँग समेत भगिनी सम्बन्ध विस्तार गरिनेछ।

गाउँसभाका सदस्यज्यूहरु,

अन्त्यमा, आर्थिक वर्ष २०८३।८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रम महत्त्वपूर्ण मार्गदर्शक बन्ने विश्वास लिएको छु। दोर्दी गाउँपालिकाको विकास र समृद्धिको खाका स्पष्ट गरी नागरिक अपेक्षाको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने मेरो विश्वास छ। शिक्षा र स्वास्थ्यमा सर्वसुलभ पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारभूत परिवर्तन भई जनतामा खुसी र सुख प्राप्त हुने अपेक्षा मैले लिएको छु। निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमले नेपालको संबिधान २०७२ ले व्यवस्था गरेको स्वास्थ्यको हक सम्बन्धी व्यवस्थाको अक्षरशः कार्यान्वयनको निरन्तरता हुने ठानेको छु। गाउँपालिकाका प्रमुख सडक, पर्यटन विकासहरुको क्रमिक स्तरोन्नति जनताको जीवनस्तरमा क्रमिक परिवर्तन गर्न यो नीति तथा कार्यक्रम सार्थक हुने विश्वास गर्दै यसमा जनप्रतिनिधिहरुको पूर्ण समर्थन र कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग प्राप्त हुनेमा विश्वस्त छु।

दोर्दीको उन्नतिको लक्ष्य हासिल गर्न उदारतापूर्वक निरन्तर सहयोग पुऱ्याउने दोर्दीबासी सबै बुवाआमा, दाजुभाई तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा सबैको निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८३ असार १० गते बुधबार

युवराज अधिकारी
अध्यक्ष
दोर्दी गाउँपालिका
नौथर, लमजुङ

गाउँ सभाको उन्नाइऔं अधिवेशनमा दोर्दी गाउँपालिकाका उपाध्यक्ष श्री विच्छ बहादुर घलेज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८३/८४ को बजेट वक्तव्य

प्रस्तुत गर्नुभएको

गाउँ सभाका अध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु।

१. दोर्दी गाउँपालिकाको गरिमामय उन्नाइऔं अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. यस महत्वपूर्ण अवसरमा देशमा प्रजातन्त्र, लोकतन्त्र स्थापना गर्नको लागि राणा शासन विरुद्धको आन्दोलन, पञ्चायती व्यवस्था समाप्तिका लागि भएको आन्दोलन, माओवादी जनयुद्ध, २०६२/६३ को गणतन्त्र स्थापनाको लागि भएको आन्दोलन, मधेश आन्दोलन तथा २०८२ भदौ २३ र २४ गते युवापुस्ताको ऐतिहासिक सहभागितामा भएको आन्दोलनको निम्ति बलिदान गर्ने सम्पुर्ण ज्ञातअज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै सङ्घीय शासन पद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नु हुने महान नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नु हुने नेपाली राजनीतिक शिखर व्यक्तित्वहरुप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।

३. सीमित स्रोत तथा साधनको बाबजुद गाउँपालिकाको सोच एवम् जनआकाङ्क्षालाई आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम र बजेट मार्फत व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम उन्नाइसौं गाउँ अधिवेशनमा आ.ब. २०८३/८४ को आय र व्यय अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

गाउँ सभाका अध्यक्षज्यू,

४. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँपालिकाको आर्थिक विधेयक २०८३, विनियोजन विधेयक २०८३, आवधिक योजना, दिगो विकासको लक्ष्य, नीति तथा कार्यक्रम, सङ्घीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, गाउँपालिकाको विषयगत समितिका सुझावहरु, विषय विज्ञ सुझाव तथा राजनीतिक दलहरु, संघ संस्था, गाउँपालिकाका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुबाट प्राप्त महत्वपूर्ण तथा कार्यान्वयन योग्य सुझाबहरुलाई समेत समेटी आ.व. २०८३/८४ को बजेट तर्जुमा गरिएको छ। साथै बजेट तथा कार्यक्रमले नागरिकको विकास प्रतिको चाहना, समयको माग र आवश्यकता, सबल, सु-संस्कृत, स्वस्थ, समुन्नत तथा आत्मानिर्भर गाउँपालिका निर्माण गर्ने संकल्प सहित गाउँको सन्तुलित, समावेशी र समन्यायिक विकास गर्दै गाउँको समग्र अर्थतन्त्रलाई सुदृढ र गतिशील बनाउने विश्वास लिएको छु।

५. स्थानीय स्तरमा देखिएका समस्या एवम् चुनौतीलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्चदिगो एवम् फराकिलो आर्थिक वृद्धि सहितको सबल अर्थतन्त्र निर्माण

गर्ने तर्फ आगामी आर्थिक वर्षको बजेट निर्देशित गरेको छु। आमजनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्न तथा सीमान्तकृत तथा पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु। आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय गर्न लक्षित हुनेछ।

६. राजनितिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ सस्था, निजि क्षेत्र, विकास साझेदार, सञ्चार जगत र आम नागरिकको सहयोग तथा ऐक्यवद्धतावाट स्थानीय अर्थत्रन्त्रमा देखिएका विद्यमान चुनौती सामाना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु। समग्र विकासमा सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी र स्वयम्सेवक एवम् सहयोग तथा समन्वय गर्नुहुने जनप्रतिनिधि, राजनीतिकर्मी, नागरिक समाज, निजी क्षेत्र, पत्रकार लगायत सम्पूर्ण नागरिक प्रति हार्दिक आभार एवम् धन्यवाद प्रकट गर्न चाहन्छु।

७. "दोर्दीको आधार, समृद्ध गाउँपालिका- सुशासन कृषि, पर्यटन र रोजगार" भन्ने मूल नारालाई आत्मसात् गर्दै समावेशी विकास, आर्थिक बृद्धि, सुशासन, दिगो पूर्वाधार विकास, स्वास्थ्य बिमा, बालमैत्री स्थानीय शासन, युवा उद्यमी, रोजगारी तथा सिपमुलक तालिम, पर्यटन विकास र सामाजिक विकासको कार्यमा बजेट लक्षित गरी गाउँपालिकावासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउन गाउँपालिका कटिबद्ध रहेको जानकारी गराउन चाहन्छु।

सभा अध्यक्ष एवम्,

गाउँ सभाका सदस्यज्यूहरु,

अब म चालु आ.व. २०८२/८३ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. दोर्दी गाउँपालिकाको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ.व. २०८२/८३ को लागि कुल अनुमानित आय र व्यय रु ५८ करोड ७६ लाख ४ हजार अनुमान गरिएको थियो। अनुमानित आयमा २०८३ जेष्ठ मसान्त सम्म आन्तरिक आम्दानी रु ८६ लाख ३९ हजार प्राप्त भएको छ, भने समानीकरण अनुदानमा अनुमानित वजेटको ९१.५ प्रतिशत मात्र निकासा भएको छ।

९. व्यय तर्फ चालु शीर्षकमा रु ४० करोड ५९ लाख ५० हजार विनियोजन भएकोमा २०८३ को जेष्ठ मसान्त सम्म रु २८ करोड १८ लाख ७५ हजार अर्थात ६९.४३ प्रतिशत र पूँजीगत तर्फ १९ करोड १६ लाख १९ हजार विनियोजन भएकोमा २०८२ को जेष्ठ मसान्त सम्म रु ५ करोड ८९ लाख ५९ हजार अर्थात ३०.७७ प्रतिशत गरी कुल खर्च रु ३४ करोड ८ लाख ३५ हजार अर्थात ५७.३ प्रतिशत खर्च भएको छ ।

१०. अब म आगामी वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

११. आर्थिक वर्ष २०८३/८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ।

- स्वास्थ्य सेवामा सधुार एवम् स्वास्थ्य विमा कार्यक्रम
- पूर्वाधारहरुको विकास तथा नियमित सडक मर्मत सम्भार
- शैक्षिक उन्नयन एवम् युवा तथा खेलकुद
- वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन
- रोजगारी प्रर्वद्धन र उद्यमशीलता तथा आय वृद्धि
- लक्षित वर्गको उत्थान एवम् सशक्तीकरण र सामाजिक समावेशीकरण
- प्रविधि प्रयोग तथा डिजिटल प्रणाली

- संस्कृति तथा पर्यटन प्रवर्द्धन
- सेवा प्रवाह तथा वित्तीय सुशासन
- निजि क्षेत्रसँग सहकार्य तथा सहयोग

१२. बजेटले राखेका प्राथमिकता कार्यान्वयन गर्न सङ्घीय सरकार, प्रदेश सरकार, विकासको सहयात्रीको रुपमा रहेका निजी तथा सङ्घ संस्थासँग समन्वय एवम् साझेदारी गरिनेछ। विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्न अधिकतम प्रयास गरिएको छ ।

सभाका अध्यक्ष एवम्,
गाउँसभाका सदस्यज्यूहरु,

१३. अब म गाउँपालिकाको आ.व. २०८३/८४ को विषयगत क्षेत्र तथा कुल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१४. आर्थिक वर्ष २०८३/८४ को कुल आय तर्फ रु ६७ करोड ७२ लाख ९६ हजार रुपैया मध्ये सङ्घीय सरकारबाट गाउँपालिका वित्तीय समानिकरण अनुदान तर्फ रु. ९ करोड ७३ लाख, राजश्व बाँडफाँट तर्फ रु. १० करोड ८० लाख ८४ हजार, सशर्त अनुदान चालु तर्फ रु २७ करोड ८० लाख, सङ्घ समपुरक अनुदान तर्फ १ करोड ५० लाख, सङ्घीय सशर्त पूँजिगत अनुदान रकम रु ३० लाख, सङ्घीय विशेष अनुदान तर्फ रु. १ करोड ५५ लाख, प्रदेशबाट गाउँपालिका वित्तिय समानिकरण अनुदान तर्फ रु.१ करोड ८ लाख ११ हजार , प्रदेश राजश्व बाँडफाँट तर्फ रु. १ करोड ३ लाख १ हजार, प्रदेश समपुरक अनुदान तर्फ रु ६० लाख, विशेष अनुदान तर्फ ४० लाख, आन्तरिक आय तर्फ राजश्व अनुमान जम्मा रु. १ करोड १० लाख, राजश्व वाडफाँड मालपोत रजिष्ट्रशन तर्फ रु १० लाख, वन पर्यटन तथा विद्युत रोयल्टी मार्फत ३ करोड ७३ लाख, अल्या रकम रु ३ करोड ४० लाख र चालु आयोजनाको बाँकी रकम रु ४ करोड ६० लाख गरी जम्मा अनुमानित बजेट पेश गरिएको छ ।आर्थिक वर्ष २०८३/८४ को कुल व्यय तर्फ रु. ६७ करोड ७२ लाख ९६ हजार रुपैया मध्ये चालु तथा प्रशासनिक खर्च तर्फ रु ८ करोड ६८ लाख ८८ हजार, वडागत पूँजीगत र चालु खर्च तर्फ रु ३ करोड ८३ लाख ५० हजार, स्वास्थ्य तथा आयूर्वेद तर्फ रु ५४ लाख ४६ हजार, शिक्षा, युवा तथा खेलकुद तर्फ रु ७४ लाख ९५ हजार, कृषि तथा पशुपन्छी विकास तर्फ रु ४८ लाख, महिला, वालबालिका, दलित, ज्येष्ट नागरिक तथा अपाङता तर्फ रु २८ लाख ९५ हजार, न्यायिक समितिको सचिवालय कानुन तर्फ रु ३ लाख ५० हजार, वन, वातावरण, प्रकोप व्यवस्थापन तर्फ तथा पुर्स्थापना राहत उद्दार तर्फ रु ६२ लाख ५० हजार, समपुरक कोष तर्फ रु ३ करोड, सशर्त अनुदान चालु रु २७ करोड ८० लाख, सङ्घीय सशर्त अनुदान पुँजिगत तर्फ ३० लाख, सङ्घीय विशेष अनुदान तर्फ रु. १ करोड ५५ लाख, सङ्घीय समपुरक अनुदान तर्फ १ करोड ५० लाख, प्रदेश समपुरक अनुदान तर्फ रु ६० लाख, प्रदेश विशेष अनुदान तर्फ रु. ४० लाख, गाउँपालिकास्तरीय योजना तथा कार्यक्रम तर्फ रु १७ करोड ३३ लाख २२ हजार गरी पेश गरिएको छ ।

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च

१५. कार्यालयको सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रविधि मैत्री, आधुनिक सूचना मुलक बनाई नागरिकमा सुशासनको अनुभुति दिलाउने उदेश्यले कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ कर्मचारी तालिम, कार्यालयमा आवश्यक कम्प्युटर खरिद, इन्टरनेट व्यवस्थापन मिलाउने गरी बजेट व्यवस्था गरेको छु।

१६. कर्मचारीहरुको मनोवल उच्च बनाई सेवा प्रबाह गर्न उत्प्रेरित गराउने उद्श्यले सङ्घीय सरकारले बृद्धि गरे अनुसार तलब वृद्धि करार कमर्चारीहरुलाई महंगी भत्ता तथा सामाजिक सुरक्षा कोष थप गर्ने गरि बजेट व्यवस्था गरेको छु।

१७. कार्यालय व्यवस्थापन तथा कर्मचारी तलब भत्ता सहित कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रु ८ करोड ६८ लाख ८८ हजार बजेट बिनियोजन गरेको छु।

पूर्वाधार विकास तर्फ

१८. समपुरक अनुदान तर्फ दोर्दी गाउँपालिकाको बेलघारी सेरा पाचोक सडक निर्माण, लक्ष्मीनारायण सल्लाबोट गौंडा सडक, नौथर सेरा ताँजे सडक, ढोडेनी हिले छ्याङ्दीखोला सडक तथा सडक वोर्डसँग लागत साझेदारीमा प्राप्त हुन सक्ने आयोजना सम्पन्न गर्नको लागि रु ८ करोड बजेट बिनियोजन गरिएको छ ।

१९. सामुदायिक भवन, मोटर वाटो, गोरेटो तथा घोडेटो वाटो, खानेपानी तथा सरसफाई, सिंचाई योजना गरि पालिकाको समग्र पूर्वाधार विकासको लागि एक मुष्ठ रकम रु ८ करोड ४५ लाख रकम विनियोजन गरेको छु।

२०. चिस्यान गृह निर्माणको लागि यसै आर्थिक वर्षमा सम्पन्न गर्न नेपाल सरकार तथा आन्तरिक श्रोत गरी रु २ करोड २५ लाख विनियोजन गरेको छु।

२१. १४ वटा साना सिँचाई योजना मर्मत तथा निर्माणको लागि नेपाल सरकारबाट प्राप्त र गाउँपालिकाको आन्तरिक आयबाट रु २९ लाख ७४ हजार व्यवस्था गरेको छु।

शिक्षा, युवा तथा खेलकुद तर्फ

२२. सामुदायिक विद्यालयको शिक्षकहरुलाई कम्प्युटर मर्मत, ICT, EMIS, दिवस, तालिम र क्षमता विकासको लागि ५१ लाख ९५ हजार विनियोजन गरेको छु ।

२३. सामुदायिक विद्यालयहरुको पूर्वाधार मर्मत सम्भार, गेट निर्माण, स्टेज निर्माण, छात्रावास जस्ता कार्यक्रममा रु २३ लाख विनियोजन गरेको छु।

२४. दोर्दी गाउँपालिकाको खेलकुद विकासको लागि खेलकुद कार्यक्रमलाई १७ लाख विनियोजन गरेको छु।

कृषि तथा पशुपन्छी विकास

२५. दोर्दी गाउँपालिका कृषि उत्पादनको लागि सम्भावना भएको गाउँपालिका भएकोले कृषि उत्पादन वृद्धि गर्न आवश्यक व्यवस्था मिलाएको छु । साथै कृषक समूह गठन तथा विस्तार, भू-उपयोग, कृषि प्रवर्द्धन, कृषिमा व्यवसायिक उत्पादन, कृषि योग्य जमिनमा सिंचाई सुविधा लगायतको विस्तारको लागि रु. ३० लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

२६. नगदे वाली प्रविधि हस्तान्त्रण, ५० प्रतिशत अनुदानमा आधारित कार्यक्रम, घुम्ती गोठ, पशुपन्छी रोग निदान प्रयोगशाला निर्माण लगायतका कार्यक्रममा रु १७ लाख ५० हजार विनियोजन गरेको छु ।

लक्षित वर्ग उत्थान, सशक्तीकरण एव सामाजिक समावेशीकरण

२७. बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन कार्य कार्यान्वयनको लागि रु १७ लाख विनियोजन गरेको छु। साथै शाखागत कार्यक्रम तथा आयोजनाहरुमा समेत बालमैत्री स्थानीय शासनका सूचकाङ्कमा आधारित बजेट विनियोजित गरेको छु।

२८. आर्थिक रुपमा विपन्न, महिला, दलित,अपाङ्गता, आदिवासी जनजाति तथा वञ्चितिमा परेका लक्षित वर्गको आर्थिक सशक्तीकरण तथा व्यवसायिक तालिम कार्यक्रम, लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम, विभिन्न सचेतनामूलक कार्यक्रम, नेतृत्व विकास तालिम, बालबालिका संरक्षण तथा हेरचाह, ज्येष्ठ नागरिक संरक्षण कार्यक्रम सञ्चालन गर्न रु १३ लाख ९५ हजार विनियोजन गरेको छु ।

विपद् व्यवस्थापन

२९. महामारी, भूकम्प, बाढिपहिरो जस्ता प्राकृतिक प्रकोपले हाम्रो जीवनयापनलाई कठिन बनाउने गरेको छ। प्रकोपवाट विस्थापितहरुलाई पुनस्थापना तथा समस्या समाधान गर्ने व्यवस्था मिलाईनेछ। साथै यस्ता प्राकृतिक विपदहरुमा तत्काल उद्दार र राहत वितरण गर्नुपर्ने चुनौती हुन्छ। यसका लागि दोर्दी गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा रु २५ लाख विनियोजन गरेको छु।

३०. विपद्बाट क्षति भएका घरहरु पूनःनिर्माण गर्नको लागि प्रभाबित लाभग्राही आवास कार्यक्रमको लागि रु १० लाख विनियोजन गरेको छु।

स्वास्थ्य सेवामा सुधार एवम् पहुँच

३१. दोर्दी गाउँपालिकाले यस दोर्दी गाउँपालिका भित्र स्थायी वसोवास गरेको घर परिवारलाई स्वास्थ्य विमा कार्यक्रमको लागि रु १ करोड ५० लाख विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिईएको छु।

३२. दोर्दी आधारभुत ५ शैय्या अस्पतालमा चिकित्सक तथा आवश्यक जनशक्ति व्यवस्थापन गर्नको लागि आवश्यक बजेटको व्यबस्था गरेको छु।

३३. आधारभूत एवम् गुणस्तरीय स्वास्थ्य सेवामा गाउँपालिका बासीको पहुँच सुनिश्चित गर्दै प्रत्येक वडाहरुमा घुम्ति स्वास्थ्य सेवा, शिबिर, आकष्मिक अवस्थाको प्रसुतिहरुलाई यातायात खर्च, महिला स्वास्थ्य स्वयम्सेविकाहरुको क्षमता अभिवृद्धि तथा औषधीहरु निशुल्क वितरण गर्न एकमुष्ठ रु ५४ लाख ४६ हजार विनियोजन गरेको छु ।

वन, वातावरण तथा पर्यटन

३४. दोर्दी गाउँपालिका पर्यटनको दृष्टिले उच्च सम्भावना भएको गाउँपालिका भएको कारण नेपाल सरकारले १०० दिने कार्य सूचीमा राखी आ.ब. २०८३/८४ मा रु ५ करोड विनियोजन गरेको वेहोरा जानकारी गराउदै नेपाल सरकार प्रति हार्दिक धन्यवाद एवम् आभार प्रकट गर्दछु। ग्रामिण पर्यटन प्रवर्द्धन गर्नका लागि गाउँपालिका भित्र सञ्चालनमा रहेको घरवास (होम स्टे) तथा भेडीगोठ प्रचार प्रसार प्रर्वद्धनको रुपमा विकास गर्न सकिने सम्भावनालाई मध्येनजर गर्दै यस वर्ष पर्यटन क्षेत्रको प्रवर्द्धन एवम् विकासको लागि गाउँपालिकाको तर्फबाट रु २० लाख २५ हजार साथै गाउँपालिका स्तरीय पार्क निर्माणको आवश्यक वजेट विनियोजन गरेको छु ।

राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम

३५. गाउँपालिका भित्र रहेका बेरोजगार युवाहरुलाई रोजगारीको सृजना गर्न, युवाहरुलाई तालिमको व्यवस्था, पदमार्ग निर्माण, सडक मर्मत, जस्ता कार्यक्रम तथा युवा विदेश पलायन हुनबाट रोक्ने नीति कार्यन्वयन गर्नका लागि युवा उद्यमी स्टार्टअप शुन्य व्याजदरमा अनुदान कार्यक्रम साथै सामी परियोजना साझेदारी कार्यक्रमको लागि यो वर्ष रु ५१ लाख ४७ हजार बजेट बिनियोजन गरेको छु।

सभा अध्यक्षज्यू,

आर्थिक वर्ष २०८३/८४ को राजश्व तथा व्यय समेटिएको विस्तृत विवरण अनुसूचिमा समावेश गरी पेश गरेको छु।

अन्त्यमा,

प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सके गाउँपालिकाको भैतिक तथा सामाजिक पूर्वाधारको निर्माण उत्पादन र उत्पादकत्व वृद्धि, सेवा प्रवाहमा सुधार एवम् भ्रष्ट्राचार विरुद्धको शुन्य सहनशीलताको नीतिले नागरिक सन्तुष्टि बढाउनुका साथै गाउँपालिकाको सम्रग विकास क्रमशः विस्तार हुदै जाने विश्वास लिएको छु।

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने गाउँपालिका अध्यक्षज्यू, कार्यापालिका सदस्यज्यूहरु, गाँउसभा सदस्यज्यूहरु, विज्ञ महानुभावहरु, राजनीतिक प्रतिनिधि एवम् राजनीतिज्ञ, सञ्चारकर्मी लगायत सम्पूर्ण गाउँबासी दाजुभाई तथा दिदीबहिनी एवम् अहोरात खटिने गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेबक कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। गाउँको आर्थिक तथा सामाजिक विकासको लागि कर तिरी योगदान पुऱ्याउनु हुने सबै करदाता एवम् निजी क्षेत्र र निरन्तररुपमा सहयोग पुऱ्याउने विकास साझेदारहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

हाम्रा चाहानाहरु धेरै छन्, ती सबैको एकैपटक सम्बोधन सम्भव छैन। वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतीहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं। समृद्ध दोर्दी र उज्वल भविष्य निर्माणको लागि आशावादी बन्दै, प्रस्तुत बजेट तथा कार्यक्रम पारित गरिदिनुहुन सभा सदस्यज्यूहरूमा अनुरोध गर्दै सबै दोर्दीबासी दिदीबहिनी तथा दाजुभाइहरुलाई दोर्दीको विकास प्रयास र जनताको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ! जय दोर्दी

मिति २०८३/०३/१०

विच्छ बहादुर घले
उपाध्यक्ष
दोर्दी गाउँपालिका
नौथर, लमजुङ

दोर्दी गाउँपालिकाको आर्थिक ऐन २०८३

प्रस्तावनाः

दोर्दी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**
(१) यस विधेयकको नाम "दोर्दी गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ।
(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि दोर्दी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन प्रदुषण कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ। र **अनुसूची ७** बमोजिम तीन पाङ्ग्रे टेम्पो सवारी साधन इजाजतपत्र बापतको दर्ता/नवीकरण दस्तुर कर लगाइने छ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (९) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (१०) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचि १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **प्रशासनिक दण्ड जरिवानाः** यस विधेयकको अनुसूची १३ बमोजिम प्रशासनिक दण्ड जरिवाना बापतको शुल्क लगाइने र असुल गरिने छ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

राजश्व छुट र मिनाहा सम्बन्धिः

आर्थिक अवस्था कमजोर सिफारिस, सामाजिक सुरक्षा भत्तासँग सम्बन्धित सिफारिस, छात्रवृत्ती सिफारिस, गाउँपालिकाबाट संञ्चालित कार्यक्रमहरुको सिफारिस र योजनाहरुका उपभोक्ता समितिहरुलाई गरिएको सिफारिसहरुमा राजश्व छुट दिइनेछ। वडाहरुबाट गरिएका सिफारिस गाउँपालिकाबाट पनि गर्नुपरेमा एकतर्फ मात्र राजश्व संकलन गरिनेछ ।

अनुसुची

सम्पति कर

क्र.सं.	घरको किसिम	आवासिय प्रयोजन (रु)		व्यवसायिक प्रयोजन (रु)	
१	ढुंगामाटोको जोडाई खरको छाप्रो छानो भएको घर	१००			
२	ढुंगामाटोको जोडाई टिनको छाप्रो	१००		२००	
३	ढुंगामाटोको जोडाई २। ३ तले टिन वा ढुंगाको छानो भएको वारतली सहितको घर	२००		३००	
४	ढुंगामाटोका सहित सिमेन्टले प्लास्टर गरेको घर	२००		३००	
५	पिलर र वीम सहितको टिनले छाएको विना ढलानको घर	३००		४००	
६	पिलर र वीम सहितको ढलान गरिएको घर	५०० एक तले	७०० दुइ तले	१०००	

घर तथा भौतिक संरचनाको बनौटको आधारमा मूल्याकंन दररेट देहाय बमोजिम कायम गरिएको छ ।

क्र.सं.	भवनको प्रकार बनौट	आ.व. २०८१।०८२ भवनको मूल्याकंन (प्रति वर्ग फिट रु.)
१	ढुंगामाटोको जोडाई खरको छाप्रो छानो भएको घर	५००
२	ढुंगामाटोको जोडाई टिनको छाप्रो	१०००
३	ढुंगामाटोको जोडाई २। ३ तले टिन वा ढुंगाको छानो भएको वारतली सहितको घर	१५००
४	ढुंगामाटोका सहित सिमेन्टले प्लास्टर गरेको घर	२०००
५	पिलर र वीम सहितको टिनले छाएको विना ढलानको घर	१९००
६	पिलर र वीम सहितको ढलान गरिएको घर	२२००

नोट: माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि

भवनको बनौट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछ ।

क्र.सं.	भवनको प्रकार/बनौट	आ.व.२०८३/०८४ को लागि वार्षिक ह्रास	आ.व.२०८३/०८४ लागि ह्रासकट्टी अवधि
१	ढुंगामाटोको जोडाई खरको छाप्रो छानो भएको घर	२%	२५ वर्ष
२	ढुंगामाटोको जोडाई टिनको छाप्रो	२%	३० वर्ष
३	ढुंगामाटोको जोडाई २।३ तले टिन वा ढुंगाको छानो भएको वारतली सहितको घर	२%	३० वर्ष
४	ढुंगामाटोका सहित सिमेन्टले प्लास्टर गरेको घर	२%	३५ वर्ष
५	पिलर र वीम सहितको टिनले छाएको विना ढलानको घर	१%	५० वर्ष
६	पिलर र वीम सहितको ढलान गरिएको घर	१%	७० वर्ष

अनुसुची २
मालपोत वा भूमिकर

कृषि क्षेत्र/भू-उपयोग क्षेत्र/वन क्षेत्र/साँस्कृतिक तथा पुरातात्वीक महत्वको क्षेत्र/सार्वजनिक उपयोगको क्षेत्र/ नदी, खोला, ताल क्षेत्र/अन्य क्षेत्र

सि.नं.	वर्ग	न्यूनतम ५ रोपनी सम्मको रकम		थप प्रति रोपनी रकम	
		खेत	पाखो	खेत	पाखो
१	अव्वल	६०	५०	२०	१५
२	दोयम	५०	४०	१५	१०
३	सिम	४०	३०	१०	१०

सि.नं.	वर्ग	न्यूनतम ५ रोपनी सम्मको रकम		थप प्रति रोपनी रकम	
		खेत	पाखो	खेत	पाखो
४	चाहार	३०	२०	१०	५
			हाइड्रोपावर		
५	अव्वल	४०००	३५००	७००	७००
६	दोयम	३५००	३०००	६००	६००
७	सिम	३०००	२५००	५००	५००
८	चाहार	२५००	२०००	४००	४००

आवासीय क्षेत्र/खानी तथा खनिज

सि.नं.	वर्ग	न्यूनतम ५ रोपनी सम्मको रकम		थप प्रति रोपनी रकम	
		खेत	पाखो	खेत	पाखो
१	अव्वल	१००	६०	३०	२०
२	दोयम	९०	५०	२५	२५
३	सिम	८०	४०	२०	२०
४	चाहार	७०	३०	२०	२०
			हाइड्रोपावर		
५	अव्वल	४५००	४०००	८००	८००
६	दोयम	४०००	३५००	७००	७००
७	सिम	३५००	३०००	६००	६००
८	चाहार	३०००	२५००	५००	५००

व्यवसायीक क्षेत्र/औधोगिक क्षेत्र

सि.नं.	वर्ग	न्यूनतम ५ रोपनी सम्मको रकम		थप प्रति रोपनी रकम	
		खेत	पाखो	खेत	पाखो
१	अव्वल	१२०	८०	४०	३०
२	दोयम	१००	६०	३०	३०
३	सिम	९०	५०	२५	२५
४	चाहार	८०	४०	२०	२०
			हाइड्रोपावर		
५	अव्वल	५०००	४५००	१०००	१०००
६	दोयम	४५००	४०००	९००	९००
७	सिम	४०००	३५००	८००	८००
८	चाहार	३५००	३०००	७००	७००

अनुसुची ३
घर बहाल कर/बहाल कर

१	गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संघ संस्थाले भवन, पसल, घर, ग्यारेज,टहरा, छप्पर जग्गा वा पोखरी, गोदाम, निजि प्रयोजनको लागि वहालमा दिएको रकमको	१० प्रतिशतको दरले

अनुसुची ४
व्यवसाय कर

क) व्यापार व्यबसाय तर्फ

क्र.सं.	व्यवसायिक कर	रकम रु (वार्षिक)	कैफियत
१	ज्वलरी सुन चाँदी पसल	१०००	
२	मदिराजन्य पसल	१५००	
३	सुन चाँदी जलप लगाएका गरगहना बेचविखन	५००	
४	भिडियो क्यामेरा	१०००	
५	इलेक्ट्रिक सामानको पसल (घडी, टि.भि., रेडियो, मोबाईल मर्मत)	१०००	
६	हार्डवयेर	२०००	
७	फर्निचर पसल	२०००	
८	खाधान्न किराना पसल थोक विक्रेता	१५००	
९	खाधान्न किराना पसल खुद्रा विक्रेता	१०००	
१०	फलफुल पसल/ तरकारी पसल	१०००	
११	भोजनालय, होटेल एण्ड लज	१५००	
१२	होम स्टे		(प्रदेश कार्यविधि बमोजिम)
१३	स्टेशनरी	१०००	
१४	औषधि पसल	१५००	
१५	दाँत बनाउने	१०००	
१६	कम्प्युटर प्रशिक्षण	१५००	
१७	ब्युटिपार्लर	१०००	
१८	सवारी साधन मर्मत	१५००	
१९	फोटो स्टुडियो	५००	
२०	क्रसर उद्योग	३००००	
२१	गैसं..स.	३०००	
२२	अन्तराष्ट्रिय गैसं..स.	५०००	
२३	हेयर कटिङ	१०००	
२४	मासु पसल	१०००	
२५	पिकनिक पार्क स्पट	१०००	

क्र.सं.	व्यवसायिक कर	रकम रु (वार्षिक)	कैफियत
२६	घुम्ती पसल क) स्थानीय प्रति हप्ता ख) बाह्य प्रति हप्ता	 ५०० १०००	
२७	कपडा पसल	१०००	
२८	सूचीकार टेलर्स	४००	
२९	जुत्ता सिउने पसल	२००	
३०	मिल पसल क) राइस मिल ठूलो ख) राइस मिल सानो	 १००० ३००	
३१	भाँडा पसल	१०००	
३२	निजी जग्गाबाट ढुङ्गा उत्खनन् तथा विक्रि वार्षिक सूचीकरण	५०००।	निकासी शुल्कको हकमा प्रदेश नियमावली बमोजिम
३३	बेकरी पसल	१०००	
३४	रिसोर्ट	५०००	
३५	वर्कशप	१५००	
३६			

क) बैंक वित्तीय संस्था तर्फ

क्र.सं.	विवरण	दर्ता /नविकरण शुल्क (रु)	कैफियत
१	वाणिज्य बैंक	१००००	
२	विकास बैंक	७०००	
३	बैंक विस्तार काउण्टर	५०००	
४	फाईनान्स/लघु वित्तीय कम्पनी	५०००	
५	विमा कम्पनी	४०००	
६	बहुउद्देश्शीय/बचत सहकारी	३०००	
७	कृषि सहकारी	२५००	

ग) निजी क्षेत्रको विद्यालय तर्फ

क्र.सं.	विवरण	दर्ता/नविकरण शुल्क (रु)	कैफियत
१	माध्यमिक तह	१००००	
२	आधारभूत तह	५०००	
३	प्राथमिक तह	४०००	
४	प्ले ग्रुप	३०००	
५	विद्यालय ठाउँ सारी नाम सारी तथा कक्षा थप अनुमति	२०००	

घ) संघ संस्था दर्ता तथा नवीकरण तर्फ

क्र.सं.	विवरण	दर्ता शुल्क (रु)	नवीकरण शुल्क (रु)	कैफियत
१	आमा समूह	५००	२००	
२	युवा क्लब	५००	२००	
३	खानेपानी मुहान	१०००	५००	
४	सिंचाई	१०००	५००	
५	कृषि तथा पशु जन्य फर्म	५००	२००	
६	कृषि तथा पशु समूह	५००	२००	
७.	अन्य संघ/संस्था	१०००	५००	

ङ) निर्माण व्यावसायी तर्फ

क्र.सं.	विवरण	शुल्क (रु)	कैफियत
१	घ वर्गको लाइसेन्स दर्ता	१००००	
२	घ वर्गको लाइसेन्स नविकरण	५०००	
३	नामसारी तथा ठाउँसारी	३०००	
४	घ वर्ग लाईसेन्स प्रतिलिपि दस्तुर	५००	

व्यवसाय करको जरिवाना दर

क्र.सं.	विवरण	शुल्क
१	पहिलो आर्थिक वर्ष भित्र बुझाएमा	निर्धारित करको १० प्रतिशत
२	दोश्रो आर्थिक वर्ष भित्र बुझाएमा	निर्धारित करको २० प्रतिशत
३	तेश्रो आर्थिक वर्ष भित्र बुझाएमा	निर्धारित करको ३० प्रतिशत
४	चौथो आर्थिक वर्ष भित्र वा सो भन्दा पछाडी बुझाएमा	निर्धारित करको १०० प्रतिशत

नोटः व्यावसाय करको नविकरण शुल्क नतोकिएको शिर्षकहरुमा दर्ता शुल्क बराबर नै नवीकरण शुल्क अशुल गरिनेछ ।

अनुसुची ५
जडीबुटी कबाडी र जीवजन्तु कर

क) जडीबुटी कर

क्र.सं.	विवरण	करको दर (रु)	कैफियत
१	यार्सागुम्बा काँचो प्रति किलो रु यार्सागुम्बा सुकेको प्रति किलो रु	१,००० ५०००	यहाँ उल्लेख भए बाहेकका जडिबुटीको हकमा गण्डकी प्रदेशको वन नियमावली २०८१ बमोजिम हुनेछ।
२	सतुवा प्रति किलो रु	२५०	
३	वनलसुन प्रति किलो रु	५००	
४	निरमसी प्रति किलो रु	५००	
५	जट्टामसी प्रति किलो रु	२५	
६	तेजपत्ता प्रति किलो रु	५	

क्र.सं.	विवरण	करको दर (रु)	कैफियत
७	दालचिनी प्रति किलो रु	५	
८	मह प्रति लिटर	२५	
९	अलैची प्रति किलो रु	३	
१०	साल/ सिसौ काठ	प्रति क्यु फिट १०।०	
११	अन्य काठ	प्रति क्यु फिट ५।०	
१२	अन्य जडिबुटी मा प्रचलित बन नियमावलीमा तोकिएको दरमा	१० प्रतिशत	तर व्यसायीक खेती र स्थानीय उद्योगमा प्रशोधन हुने अर्ध जडीबुटीको आधा दर मात्र कर लाग्नेछ ।
१३	वास	प्रति गोटा रु २।०	
१४	बनकस (खर) वाबियो, छ्वाली, निगालो लोक्ता पटेर, अम्लेसो, अल्लो	प्रति ट्रक रु १०००।० प्रति ट्याक्टर रु ३००।०	
१५	बैधानिक काठ निकासी दस्तुर, (चुत्रो लगायत)	प्रति ट्याकटर १५०० प्रति ट्रक ४०००	

ख) कवाडी कर

क्र.सं.	विवरण	करको दर	कैफियत
१	धातुका कवाडी सामानहरु क) फलाम तथा फलामवाट बनेको पुनः प्रयोगमा आउने चिज बस्तु ख) अन्य धातुः तामा, पित्तल आल्मुनियम जस्ता बस्तु	 प्रति के जी ३।० प्रति के जी १०।०	
२	गैह्र धातुका कवाडी सामानहरु क) खाली सिसी बोरा तेलको टिन ख) पुराना कागज ख) अन्य कवाडी सामान	 प्रति गोटा २५ पैसा प्रति गोटा ५० पैसा प्रति गोटा २५ पैसा	

ग) जीवजन्तु कर

क्र.सं.	विवरण	करको दर	कैफियत
१	प्राकृतिक ऊन	प्रति के जी रु ३।०	
२	प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत र मारिएको जीवजन्तुको हाड, सिङ, प्वाख, छाला वा अन्य प्रकृतिक वस्तुको व्यवसायीक कारोबार या निकासी कर	प्रति के जी रु २।०	

क्र.सं.	विवरण	करको दर	कैफियत
३	राँगा भैंसी निकासी	प्रति गोटा रु १००।०	निकासी कर नतिर्ने कृषकलाई कुनै पनि किसिमको अनुदान उपलब्ध नहुने।
४	बोका, बाखा, खसी, तथा भेंडा निकासी	प्रति गोटा रु ५०।०	

घ) काठ दाउरा कटानी तथा सिफारिस

क्र.सं.	काठ दाउरा कटानी तथा सिफारिस	पालिका भित्र	पालिका बाहिर	कै
१	कटानी दाउरा सिफारिस	५००	-	
२	कटानी काठ सिफारिस	१०००	-	
३	कटानी काठ सिफारिस (निकासीको लागि)	२०००		
४	निकासी दाउरा (प्रति ट्रक/ट्याक्टर)			
क	प्रति ट्याक्टर	६००	१०००	
ख	प्रति ट्रक ६ चक्के	१०००	१४००	
ग	प्रति ट्रक ८ चक्के	१२००	१६००	
घ	प्रति ट्रक १० चक्के	१४००	१८००	
ङ	प्रति ट्रक १२ चक्के	१६००	२०००	
४	निकासी कु-काठ - सिमल/चिलाउने/कटुस आदि) (प्रति ट्रक/ट्याक्टर)			
क	प्रति ट्याक्टर	१०००	१६००	
ख	प्रति ट्रक ६ चक्के	१४००	२०००	
ग	प्रति ट्रक ८ चक्के	१६००	२२००	
घ	प्रति ट्रक १० चक्के	१८००	२६००	
ङ	प्रति ट्रक १२ चक्के	२०००	३०००	
५	निकासी सु-काठ (साल/सिसौ/चाँप/खयर आदि) (प्रति ट्रक/ट्याक्टर)			
क	प्रति ट्याक्टर	३०००	४०००	
ख	प्रति ट्रक ६ चक्के	३६००	४४००	
ग	प्रति ट्रक ८ चक्के	४०००	५०००	
घ	प्रति ट्रक १० चक्के	४४००	५६००	
ङ	प्रति ट्रक १२ चक्के	५०००	६०००	

अनुसुची ६
सवारी साधन प्रदुषण कर

क्र.सं.	विवरण	दर्ता/नविकरण शुल्क (रु)	कैफियत
१	मोटर साईकल/स्कुटर	१००	
२	पावर टेलर	१५०	
३	टेम्पो	२००	
४	ठेला तथा रिक्सा	१००	

क्र.सं.	विवरण	दर्ता/नविकरण शुल्क (रु)	कैफियत
५	निजि कार जीप पिकअप	२००	
६	ट्याक्टर	५००	
७	स्क्याभेटर/ब्याकहो लोडर	१०००	
८	निजी मिनिबस, बस	३००	

अनुसुची ७
सवारी साधन इजाजत पत्र दस्तुर

क्र.सं.	विवरण	दर्ता /नविकरण शुल्क (रु)	कैफियत
१	टेम्पो इजाजत पत्र दस्तुर	२०००	
२	टेम्पो इजाजत पत्र नविकरण	१५००	

अनुसुची ८
विज्ञापन कर

क्र.सं.	विवरण	दररेट (रु)	कैफियत
१	गाडीमा सामान बोकी विज्ञापन गर्ने (प्रतिपटक)	५००	
२	स्टल राखी विज्ञापन गर्ने (प्रतिदिन)	५००	
३	कन्सर्ट (प्रतिपटक)	५००	
४	तुलब्यानर राखी विज्ञापन (प्रतिपटक)	५००	

अनुसुची ९
मनोरञ्जन कर

क्र.सं.	विवरण	दररेट (रु)	कैफियत
१	महोत्सव तथा सांस्कृतिक कार्यक्रम तथा मेला महोत्सव संचालन	१०००	मनोरञ्जन कर नतिर्नेलाई गाउँपालिकाबाट अनुदान दिन नमिल्ने

अनुसुची १०
वहाल बिटौरी कर (पटके व्यवसायमा दैनिक रुपमा लिईले शुल्क)

क्र.सं.	विवरण	दर रेट (रु)	कैफियत
१	सार्वजनिक स्थल, निजी जग्गामा बसी ठेलागाडा राखी वा अन्य कुनै किसिमले व्यापार व्यवसाय गर्नेसँग	रु १००।०	
२	सरकारी जग्गामा बनेका पक्की घर कृषि तथा व्यवसाय प्रयोजनको प्रति बर्ग फुट (वार्षिक)	रु ७।०	
३	सरकारी जग्गामा बनेका कच्ची घर कृषि तथा व्यवसाय प्रयोजनको प्रति बर्ग फुट (वार्षिक)	रु ५।०	

अनुसूची ११
सेवा शुल्क, दस्तुर तथा सिफारिस दस्तुर

क) सेवा शुल्क, दस्तुर

क्र.सं.	विवरण	दररेट	कै.
१	व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बिबाह, सम्बन्ध विच्छेद,बसाइसराइ प्रमाणित सेव शुल्क)	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ को अनुसूची ३ बमोजिम	
२	व्यक्तिगत घटना दर्ता प्रतिलिपि दस्तुर	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ को अनुसूची ३ बमोजिम	
३	व्यक्तिगत घटना दर्ता अभिलेख हेरेको दस्तुर	राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७ को अनुसूची ३ बमोजिम	
४	न्यायिक समितिको दर्ता शुल्क	१००	
५	परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क क. प्रावि वा सो सरह ख. नि मा वि वा सो सरह ग. मा वि वा सो सरह घ. अधिकृत स्तरको परीक्षा शुल्क ङ. सहायक पाचौं तहको परीक्षा शुल्क च. सहायक चौंथो तहको परीक्षा शुल्क छ. सवारी चालक/सहचालक परीक्षा शुल्क ज. श्रेणिविहिन कर्मचारी परीक्षा शुल्क	 ४०० ६०० १२०० १२०० ६०० ४०० ३०० २००	
६	कोटेशन फाराम शुल्क	खरिद नियमावली अनुसार	
७	बोलपत्र (टेण्डर) फाराम शुल्क		
८	राजपत्र विक्री (प्रति राजपत्र)	५०	
९	पक्का घरको सर्जमिन वापत	१०००	
१०	अन्य सबै प्रयोजनको सर्जमिन वापत	५००	
११	गाउँ फ्रोफाइल (व्यक्ति)	५००	
१२	गाउँ फ्रोफाइल (संस्था)	१०००	
१३	धितो मूल्यांकन-अन्य		
क	रु ५ लाख सम्म	५००।००	
ख	रु १० लाख सम्म	१०००।००	
ग	रु २० लाख सम्म	२०००।००	
घ	रु ३० लाख सम्म	३०००।००	
ङ	रु ४० लाख सम्म	४०००।००	
च	रु ५० लाख सम्म	५०००।००	
छ	रु ५० लाख भन्दा माथि	रु ५० लाखभन्दा बढी प्रत्येक १० लाखमा ५००।०० का दरले थप हुँदै जाने	

क्र.सं.	विवरण	दररेट	कै.
१४	धितो मूल्याङ्कन-ऋण तथा बैदेशिक रोजगारीका लागि		
क	रु १० लाख सम्म	५००।००	
ख	रु २० लाख सम्म	१०००।००	
ग	रु ३० लाख सम्म	१५००।००	
घ	रु ४० लाख सम्म	२०००।००	
ङ	रु ५० लाख सम्म	२५००।००	
च	रु ५० लाखभन्दा बढी प्रत्येक १० लाखमा	२५०।०० का दरले थप हुँदै जाने	
१५	धितो मूल्याङ्कन-अध्ययनको लागि		
क	रु २० लाख सम्मको	१०००।००	
ख	रु ३० लाख सम्मको	१५००।००	
ग	रु ५० लाख सम्मको	२५००।००	
घ	रु ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा	२००।०० दरले थप	
१६	अंशवण्डा र दान वकसमा	२००।००	
१७	स्थानीय हातहतियार नविकरणको लागि सिफारिस	१०००	
१८	हाइड्रोपावर		
	क) सिफारिस ख) प्रमाणित ग) संशोधित	१०००	
१९	Consular मा पठाउने कागजात प्रमाणित	१०००	
२०	ढुङ्गा,गिट्टी, बालुवा उत्खनन् प्रति घ.मि.	गण्डकी प्रदेश सरकारको नियमावली बमोजिम	
२१	Drone Camera अनुमति	१०००	
२२	कपाली तमसुक प्रमाणित शुल्क	५००	
२३	विद्यालयको लब्धाङ्क प्रतिलिपि सच्याएको	२००	
२४	आपूर्तिकर्ता सुचीकृत (कम्पनि, फर्म, व्यवसाय, कन्सल्टेन्सी)	५००	
२५	ठेक्का पट्टा/निर्माण व्यवसायी सूचीकरण	१०००	
२६	प्रमाणपत्र प्रतिलिपि	५००	

ख) सिफारिस दस्तुर

क्र.सं.	विवरण	दररेट (रु)	कैफियत
१	घर जग्गा नामसारी सिफारिस	५००	
२	मोही लगत कट्टा सिफारिस	३००	
३	घर कायम सिफारिस	३००	
४	ब्याकहो लोडर वहाल वापतको शुल्क (इन्धन बाहेक)	रु १४५०	इन्धन सहितको हकमा इन्धनको मुल्य थपघटको आधारमा थपघट गरिनेछ ।

क्र.सं.	विवरण	दररेट (रु)	कैफियत
५	मालपोत कर रसिदको प्रतिलिपि	रु २०।-	
६	निजी वनको रुख कटानी सिफारिस (व्यक्तिगत)	५०० र १०००	नोट १० वटा रुख सम्म ५०० सो भन्दा माथिकोमा १०००
७	निजी वनको रुख कटानी सिफारिस (व्यवसायिक)	१००० र २०००	नोट १० वटा रुख सम्म १००० सो भन्दा माथिकोमा २०००
८	सहकारीको लेखापरीक्षण तथा साधारण सभाको रिपोर्ट पेश नगरेमा जरिवाना	२०००	पुस मसान्त भित्र पेश गर्ने
९	छात्र बृत्ति सिफारिस	निः शुल्क	बैदेशिक प्रयोजनको लागि ५०० अन्य निःशुल्क
१०	विपन्न बिद्यार्थी छात्र बृत्ति सिफारिस	निः शुल्क	गरिब परिवार भएको प्रमाणित भएको निःशुल्क
११	अपाङ्गता भएको सिफारिस /जेष्ठ नागरिक	निःशुल्क	
१२	अस्थायी वसोवास सिफारिस	३००	
१३	स्थायी वसोवास सिफारिस	३००	
१४	नागरिकता सिफारिस	निःशुल्क	
१५	नागिरकता प्रतिलिपि सिफारिस	५००	
१६	लेखा परिक्षण सम्बन्धि सिफारिस	५००	
१७	अंगीकृत नागरिकता सिफारीस/प्रतिलिपि	२०००/ ३०००	
१८	आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित	निशुल्क	
१९	आर्थिक अवस्था बलियो वा सम्पन्न	५००	
२०	बिद्युत जडान सिफारिस	३००	
२१	धारा जडान सिफारिस	१००	
२२	जीवित रहेको सिफारिस	३००	
२३	दुवै नामथर/जन्ममिति भएको व्यक्ति एकै भएको सिफारिस	४००	
२४	जग्गा मूल्यांकन सिफारिस र प्रमाणित	१०००	संस्था १५००
२५	व्यवसाय वन्द सिफारिस	२००	
२६	व्यवसाय सञ्चालन नभएको सिफारिस	२००	
२७	ब्यापार व्यवसाय नभएको सिफारिस	२००	
२८	कोट फी मिनाहा सिफारिस	निःशुल्क	
२९	नावालक परिचयपत्र सिफारिस/प्रतिलिपि	२००/५००	
३०	उद्योग ठाउँसारी सिफारिस	२०००	
३१	बिद्यालय ठाउँसारी सिफारिस	२०००	

क्र.सं.	विवरण	दररेट (रु)	कैफियत
३२	आन्तरिक बसाईसराई सिफारिस	३००	
३३	व्यक्तिगत विवरण सिफारिस	३००	
३४	जग्गा दर्ता सिफारीस (संस्थागत)	१०००	
३५	संरक्षक सिफारिस (व्यक्तिगत)	२००	
३६	संरक्षक सिफारिस (संस्थागत)	५००	
३७	नेपाल सरकारको नाममा बाटो कायम सिफारिस	निःशुल्क	
३८	जीवितसँगको नाता प्रमाणित	३००	
३९	मृतकसँगको नाता प्रमाणित	३००	
४०	कोठाखोल्ने कार्य/रोहवरमा बस्ने कार्य	१०००	
४१	निःशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस	निःशुल्क	
४२	अन्य कार्यालयको मागअनुसार विवरण खुलाई पठाउने कार्य	निःशुल्क	
४३	संस्था दर्ता सिफारिस	५००	
४४	घरबाटो प्रमाणित	६००	व्यक्ति
४५	चार किल्ला प्रमाणित	६००	
४६	जन्म प्रमाणित	२००	
४७	विधवा तथा एकल महिला प्रमाणित	२००	
४८	मृत्यु प्रमाणित	२००	
४९	अविवाहित प्रमाणित	५००	
५०	विवाह प्रमाणित	५००	
५१	कागज मन्जुरीनामा प्रमाणित	२००	
५२	हकवाला वा हकदार प्रमाणित	२००	
५३	दलित, जनजाती तथा अल्पसंख्या तथा अन्य जाती सिफारिस	२००	
५४	जग्गा रेखांकन कार्य वा सो कार्यमा रोहवर	२००	
५५	जग्गा धनीपूर्जा हराएको सिफारिस	२००	
५६	पूर्जामा घर कायम गर्ने सिफारिस	३००	
५७	अंग्रेजी सिफारिस	५००	
५८	मिलापत्र कागत	३००	
५९	पेन्सन कार्ड वा सो सम्बन्धि सिफारिस (नेपाली/सार्क राष्ट्र/विदेशी)	१०००/१५००/२०००	
६०	कित्ताकाट सिफारिस	२००	
६१	अन्य सिफारिस	२००	
६२	श्रम स्वीकृत दस्तुर	३००	

क्र.सं.	विवरण	दररेट (रु)	कैफियत
६३	हाईड्रोपावर प्रति किलो वाट स्वीकृति सिफारिस शुल्क	५००	
६४	हाईड्रोपावर प्रति किलो वाट नविकरण सिफारिस शुल्क	५०	
६५	शिक्षा सेवा शुल्क आई एम आई एस विलम्व शुल्क	५०००	
६६	जलबिद्युत IEE सिफारिस शुल्क १ मे.वा. सम्म	१००००	सो भन्दा माथि प्रति मे.वा. ५००।००
६७	शौर्य उर्जा, वायु उर्जा, IEE सिफारिस	२०००	
६८	स्थायी लेखा नम्बर सिफारिस	निःशुल्क	
६९	घर पाताल सिफारिस	१०००	
७०	आम्दानी प्रमाणित/आयश्रोत प्रमाणित	०.२०%	कुल प्रमाणित आम्दानीको
७१	गैर आवसीय नेपाली नागरिकता सिफारिस	रु.२०००।-	
७२	गैर आवसीय नेपाली नागरिकता प्रतिलिपि सिफारिस	रु.३०००।-	
७३	समूह दर्ता सिफारिस	रु. २००।-	
७४	शिक्षक सरुवा सिफारिस दस्तुर	रु. ५००।-	
७५	अचल सम्पत्ति मुल्याङ्कन दस्तुर	०.०५%	मुल्याङ्कन अङ्कको
७६	पारिवारिक विवरण सिफारिस	रु. ५००।-	
७७	बैंक तथा वित्तिय संस्था सिफारिस शुल्क	रु. ५००।-	

ग) पशु सेवा तथा कृषि विकास सम्बन्धि दस्तुर

क्र.सं.	विवरण
१	बोका खसी पारेको प्रति बोका रु २५।००
२	गोरु सजेको पारेको प्रति गोरु रु १००।००
३	कुकुर उपचार प्रति कुकुर रु ५०।००
४	कृतिम गर्भाधान प्रति पशु रु २००।००
५	साधारण उपचार
	बाख्रा/भेडा/च्याङ्ग्रा उपचार प्रति बाख्रा/भेडा/च्याङ्ग्रा रु १०।– को दरले (१० वटा सम्म), १० भन्दा माथि रु २ थप प्रति संख्या
	गाई/भैंसी उपचार प्रति गोटा रु २०।००
	कुखुरा उपचार प्रति गोटा रु १।००
	वंगुर उपचार प्रति गोटा रु ५।००
६	गोवर परीक्षण प्रति पशु रु ५०।००
७	अनुदान भुक्तानी सिफारिस शुल्क
	रु १००००।०० सम्म अनुदान पाउनेमा रु २५।००
	रु २००००।०० सम्म अनुदान पाउनेमा रु ५०।००
	रु ५००००।०० सम्म अनुदान पाउनेमा रु १००।००
	रु १००००००।०० सम्म अनुदान पाउनेमा रु १५०।००
	रु २००००००।०० सम्म वा सो भन्दा माथि अनुदान पाउनेमा रु २००।००

क्र.सं.	विवरण
८	माइनर सर्जिकल प्रति गोटा रु ५०।००
९	मेजर सर्जिकल प्रति गोटा रु २००।००

घ) घर नक्सा पास दस्तुर

क्र.सं.	विवरण	दर रेट (प्रति बर्ग फिट)	
१	घर नक्सा पास		
क	भुई तला	रु ५।०	
ख	पहिलो तला	रु ६।०	
ग	दोश्रो तला	रु ७।०	
घ	तेश्रो तला र तेश्रो तला भन्दा माथि	रु १०।०	
२	घर नक्सा अभिलेखीकरण		
क	भुईं तला	रु ४।०	
ख	पहिलो तला	रु ५।०	
ग	दोश्रो तला	रु ५।०	
घ	तेश्रो तला र तेश्रो तला भन्दा माथि	रु ५।०	
३	नक्सापास तथा अभिलेखिकरण किताब दस्तुर	रु १०००	
४	अमिन शुल्क	रु १०००	
५	कन्सल्टेन्सी इन्जिनियरिङ तथा प्राबिधिक सेवा	रु १००००	
६	कन्सल्टेन्सी इन्जिनियरिङ तथा प्राबिधिक सेवा सूचिकृत	रु २००० बार्षिक	

अनुसूची १२
पर्यटन शुल्क

क्र.सं.	विवरण	दर रेट	कैफियत
१	पर्यटकीय स्थल भ्रमण शूल्क (विदेशी)	रु ५०० प्रति व्यक्ति	प्रति भ्रमण
२	मह हन्टिङ	रु १०००० प्रति पटक	
३	मह हन्टिङ ड्रोन प्रयोग	रु १००० प्रति पटक	

अनुसूची १३
प्रशासनिक दण्ड जरिवाना

क्र.सं.	विवरण	दर रेट	कैफियत
१	विष, करेन्ट प्रयोग गरी अनधिकृत माछा मारेको	प्रथम पटक भए रु १००००/ दोस्रो पटक भए रु१५०००/ तेस्रो पटक भए रु २००००/	पक्राउ गर्ने प्रहरी प्रशासनलाई प्रोत्साहन स्वरुप २५ प्रतिशत रकम दिइ बाँकी दाखिला
२	नदिजन्य पदार्थको अवैध उत्खनन् तथा निकासी	क. ट्याक्टरको हकमा प्रथम पटक भए रु १००००/	

क्र.सं.	विवरण	दर रेट	कैफियत
		दोस्रो पटक भए रु २०००० / तेस्रो पटक भए ट्याक्टर जफत ख. ट्रिपरको हकमा प्रथम पटक भए रु २०००० / दोस्रो पटक भए रु ४०००० / तेस्रो पटक भए ट्रिपर जफत	
३	जलारी सूचीकरण स्थानीयलाई मात्र	रु ५०	
४	माछा मार्न प्रतिबन्ध गरिने महिना कार्यालयले जारि गर्ने सूचना बमोजिम		

पुनश्चः गत आर्थिक वर्षको मालपोत कर, सम्पति कर, घर वहाल कर, जग्गा वहाल कर र अन्य शुल्क तथा कर नबुझाएको खण्डमा १० % जरिवाना र यस आर्थिक वर्षको असोज मसान्त सम्म रकम बुझाएमा १०% छुटको व्यवस्था भएको छ ।

पुनश्चः माथि उल्लेख भएका बाहेक अन्य व्यावसायिक तथा अन्य क्षेत्रहरुमा कर तथा दस्तुर संघ र प्रदेश सरकारका कानुनसँग नबाझिने गरी गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी गाउँ सभाबाट अनुमोदन गरी बनाई लागु गर्न सक्नेछ ।

पुनश्चः गाउँपालिकालाई बुझाउने दायित्व बुझाएपछि मात्र गाउँपालिका तथा वडा कार्यालयबाट सार्वजनिक सेवा प्रवाह गरिनेछ ।

विनियोजन ऐन २०८३

दोर्दी गाउँपालिका, लमजुङको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः दोर्दी गाउँपालिका, लमजुङ २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दोर्दी गाउँपालिका, लमजुङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "दोर्दी गाउँपालिकाको, विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६७,७२,९६,०००.०० (अक्षेरुपी सतसट्टी करोड वहत्तर लाख छयानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त दोर्दी गाउँपालिका, लमजुङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक

अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) आ.व. २०८२।०८३ को खर्च नभइ बाँकी रहने मौज्दात रकम गाउँ कार्यपालिकाले सङ्घीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँग भौतिक पूर्वाधार तथा सामाजिक आर्थिक क्षेत्र का कार्यक्रममा साझेदारी गरी खर्च गर्न सक्ने र अत्यन्त आवश्यक क्षेत्रमा खर्च गर्न सक्ने ।

आज्ञाले,
हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर सेरा, लमजुङ

आ.व. २०८३/०८४ को वर्षिक आय तथा व्यय विवरण

क्र.सं.	आय विवरण	बजेट	क्र.सं.	व्यय विवरण	विनियोजन रकम
१	संघ समानिकरण अनुदान	९७३०००००	१	सःशर्त अनुदान चालु	२७८०००००
२	राजश्व वाँडफाँड संघीय सरकार	१०८०८४०००	२	सःशर्त अनुदान पुँजीगत	३०००००
३	प्रदेश सरकार समानिकरण	१०८११०००	३	बिशेष अनुदान चालु	१५५०००००
४	प्रदेश सरकार राजश्व वाँडफाँड	१०३०१०००	४	समपुरक अनुदान पुँजीगत	१५०००००
५	संघीय सःशर्त अनुदान चालु	२७८०००००	५	प्रदेश बिशेष अनुदान	४०००००
६	संघीय सःशर्त अनुदान पुँजीगत	३०००००	६	प्रदेश समपुरक अनुदान	६०००००
७	बिशेष अनुदान पुँजीगत	१५५०००००	७	कार्यलय सञ्चालन तथा प्रशासनिक खर्च	१२३४६३०००
८	समपुरक अनुदान पुँजीगत	१५०००००	८	कृषि शाखा	३०५००००
९	प्रदेश बिशेष अनुदान	४०००००	९	पशुपन्छी शाखा	१७५००००
१०	प्रदेश समपुरक अनुदान	६०००००	१०	स्वास्थ्य शाखा तथा आयुर्वेद शाखा	५४४६०००
११	राजश्व अनुमान	११०००००	११	शिक्षा, युवा तथा खेलकूद	७३३५०००
१२	वन पर्यटन तथा विद्युत रोयल्टी	३७३०००००	१२	राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम	१४४७०००
१३	मालपोत रजिष्ट्रशन	१०००००	१३	न्यायिक समिति	३५००००
१४	चालु आयोजनाको भुक्तानी	४६०००००	१४	महिला, बालवालिका, अपाङ, जेष्ठ नागरिक	२८९५०००
१५	अल्या रकम	३४०००००	१५	पूर्वाधार शाखा	३७५००००
१९			१९	वडागत आयोजना	३८३१००००
२०			२०	गाउँपालिकास्तरीय विभिन्न आयोजना	१६८०००००
	जम्मा	**६७७२९६०००**		**जम्मा**	**६७७२९६०००**

आ.व. : २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८०४३७५०३१०१ दोर्दी गाउँपालिका												
१	पारिश्रमिक कर्मचारी (करार)		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	आन्तरिक श्रोत - नगद	४	N/A	३०,००,०००.००	३०,००,०००.००	३०,००,०००.००	३०,००,०००.००	१,२०,००,०००.००
२	पारिश्रमिक कर्मचारी (स्थायी)		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	५७,५०,०००.००	५७,५०,०००.००	५७,५०,०००.००	५७,५०,०००.००	२,३०,००,०००.००
३	विद्यालय कर्मचारी, वालविकास स का र का स हरुलाई थप पारीश्रमिक		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११११	आन्तरिक श्रोत - नगद	४	N/A	१५,२७,०००.००	१५,२७,०००.००	१५,२७,०००.००	१५,२७,०००.००	६१,०८,०००.००
४	पोशाक		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	६,००,०००.००	०	६,००,०००.००
५	स्थानीय भत्ता		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००
६	महंगी भत्ता (करार कर्मचारी)		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	आन्तरिक श्रोत - नगद	४	N/A	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	५,००,०००.००	२०,००,०००.००
७	स्थायी कर्मचारी महंगी भत्ता		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	०	०	०	२२,००,०००.००	२२,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
८	कर्मचारीको बैठक भत्ता र खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३४	राजस्व बाँडफाँड - स्थानीय - नगद	४	N/A	३७,५००.००	३७,५००.००	३७,५००.००	३७,५००.००	१,५०,०००.००
९	कर्मचारी प्रोत्साहन तथा पुरस्कार		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३५	राजस्व बाँडफाँड - स्थानीय - नगद	१	N/A	०	०	५०,०००.००	०	५०,०००.००
१०	अतिरिक्त समय कामकाज भत्ता		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११३९	राजस्व बाँडफाँड - स्थानीय - नगद	४	N/A	५०,०००.००	५०,०००.००	५०,०००.००	५०,०००.००	२,००,०००.००
११	सुत्केरी स्याहार खर्च		स्वास्थ्य	२११३९	राजस्व बाँडफाँड - स्थानीय - नगद	४	N/A	१२,५००.००	१२,५००.००	१२,५००.००	१२,५००.००	५०,०००.००
१२	कार्यपालिका तथा विषयगत समिति बैठक भत्ता र व्यवस्थापन खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२,५०,०००.००	२,५०,०००.००	२,५०,०००.००	२,५०,०००.००	१०,००,०००.००
१३	वडा समिति पदाधिकारी बैठक खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	५,५०,०००.००	५,५०,०००.००	५,५०,०००.००	५,५०,०००.००	२२,००,०००.००
१४	पदाधिकारी सुविधा		कार्यालय सञ्चालन तथा प्रशासनिक	२११४२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२४,८७,५००.००	२४,८७,५००.००	२४,८७,५००.००	२४,८७,५००.००	९९,५०,०००.००
१५	कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२११	आन्तरिक श्रोत - नगद	४	N/A	६,२५,०००.००	६,२५,०००.००	६,२५,०००.००	६,२५,०००.००	२५,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
१६	कर्मचारी कल्याण कोष		कार्यालय सञ्चालन तथा प्रशासनिक	२१२१४	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	८,००,०००.००
१७	पानी तथा बिजुली		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२१११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२,२५,०००.००	२,२५,०००.००	२,२५,०००.००	२,२५,०००.००	९,००,०००.००
१८	संचार महसुल		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२११२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	८,००,०००.००
१९	इन्धन (पदाधिकारी)		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२११	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	३,२५,०००.००	३,२५,०००.००	३,२५,०००.००	३,२५,०००.००	१३,००,०००.००
२०	इन्धन (कार्यालय प्रयोजन)		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	४,२५,०००.००	४,२५,०००.००	४,२५,०००.००	४,२५,०००.००	१७,००,०००.००
२१	सवारी साधन मर्मत खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	४,७५,०००.००	४,७५,०००.००	४,७५,०००.००	४,७५,०००.००	१९,००,०००.००
२२	सवारी साधन मर्मत खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१३	आन्तरिक श्रोत - नगद	४	N/A	१,५०,०००.००	१,५०,०००.००	१,५०,०००.००	१,५०,०००.००	६,००,०००.००
२३	पदाधिकारी बिमा तथा नवीकरण खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	८८	N/A	२,२०,०००.००	२,२०,०००.००	२,२०,०००.००	२,२०,०००.००	८,८०,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
२४	सवारी साधन बिमा तथा नवीकरण खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२१४	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,५०,०००.००	१,५०,०००.००	१,५०,०००.००	१,५०,०००.००	६,००,०००.००
२५	कम्प्युटर मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२२२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२,५०,०००.००	२,५०,०००.००	०	५,००,०००.००	१०,००,०००.००
२६	पुराना सरकारी भवन मर्मत सम्भार		भवन, आवास तथा सहरी विकास	२२२३१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	३,००,०००.००	०	३,००,०००.००
२७	विद्यालयहरुमा आवश्यक मर्मत		भवन, आवास तथा सहरी विकास	२२२३१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००
२८	मसलन्द तथा कार्यालय सामाग्री		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	६,२५,०००.००	६,२५,०००.००	६,२५,०००.००	६,२५,०००.००	२५,००,०००.००
२९	पुस्तक तथा पत्रपत्रिका सामग्री खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२५,०००.००	२५,०००.००	२५,०००.००	२५,०००.००	१,००,०००.००
३०	कानूनी सचेतना तथा न्यायिक पोस्टर क्याम्पेन (१-९)		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	१,००,०००.००	०	०	१,००,०००.००
३१	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	२,००,०००.००	८,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
३२	प्रगति प्रतिवेदन तथा स्मारिका प्रकाशन		वित्तीय सुशासन	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	३,००,०००.००	०	३,००,०००.००
३३	स्थानीय पाठ्य पुस्तक छपाइ कक्षा १-८		शिक्षा	२२३१५	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	०	३,५०,०००.००	०	३,५०,०००.००
३४	सेवा र परामर्श खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	३,००,०००.००	३,००,०००.००	३,००,०००.००	३,००,०००.००	१२,००,०००.००
३५	कार्यालयमा इन्टरनेट जडान तथा नविकरण		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,७५,०००.००	१,७५,०००.००	१,७५,०००.००	१,७५,०००.००	७,००,०००.००
३६	सूचना प्रणाली तथा सफ्टवेयर खरीद तथा अद्यावधिक खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	७५,०००.००	७५,०००.००	७५,०००.००	७५,०००.००	३,००,०००.००
३७	सि सि टि भी जडान		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००
३८	करार सेवा शुल्क / ज्याला		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२४१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००
३९	कर्मचारी तथा जनप्रतिनिधि तालिम खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,००,०००.००	१,००,०००.००	१,००,०००.००	१,००,०००.००	४,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
४०	अन्तरपालिका विपद् सहकार्य कार्यक्रम तथा आपसी सहायता संयन्त्र विकास		विपद व्यवस्थापन	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	संख्या	०	१,००,०००.००	०	०	१,००,०००.००
४१	अपाङ्गता भएका नागरिक तथा परिवार उद्यम विकास १-९		लैंगिक समानता तथा सामाजिक समावेशीकरण	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	२	N/A	०	०	२,२५,०००.००	२,२५,०००.००	४,५०,०००.००
४२	खेल सामाग्री व्यवस्थापन तथा खरिद		युवा तथा खेलकुद	२२५२२	नेपाल सरकार - समानिकरण अनुदान	१	N/A	०	०	३,००,०००.००	०	३,००,०००.००
४३	गाउँपालिका स्तरीय वडादशै खेलकुद कार्यक्रम		युवा तथा खेलकुद	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	१	N/A	०	३,००,०००.००	०	०	३,००,०००.००
४४	गाउँपालिकास्तरीय खेलकुद कार्याक्रम वडा र गा पा		युवा तथा खेलकुद	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	३,५०,०००.००	३,५०,०००.००	३,५०,०००.००	३,५०,०००.००	१४,००,०००.००
४५	ज्येष्ठ नागरिक सेवा कार्यक्रम १-९		सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	१,१२,५००.००	१,१२,५००.००	१,१२,५००.००	१,१२,५००.००	४,५०,०००.००
४६	धिने सन्टु गुम्बा उदघाट्न कार्यक्रम		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	संख्या	०	५०,०००.००	०	०	५०,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
४७	प्राविधिक कर्मचारी क्षमता अभिवृद्धि तालिम तथा अध्ययन अवलोकन कार्यक्रम		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	संख्या	०	२,००,०००.००	०	०	२,००,०००.००
४८	फोहोर सङ्कलन, वर्गीकरण तथा व्यवस्थापन कार्यक्रम		खानेपानी तथा सरसफाई	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	संख्या	०	०	३,००,०००.००	०	३,००,०००.००
४९	बालबालिकालाई विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा आपतकालीन तयारी सम्बन्धी ज्ञान, सीप र व्यवहार विकास कार्यक्रम		विपद व्यवस्थापन	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	संख्या	०	१,००,०००.००	०	०	१,००,०००.००
५०	भगेनी सम्वन्ध स्थापनार्थ कार्यक्रम सञ्चालन		परराष्ट्र	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००
५१	मेलमिलापकर्ताहरूलाइ २ दिने पुनतार्जगी तालिम		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	१	N/A	०	१,५०,०००.००	०	०	१,५०,०००.००
५२	युवा उद्दमी स्टार्टअप अनुदान		उद्योग	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	७,५०,०००.००	७,५०,०००.००	७,५०,०००.००	७,५०,०००.००	३०,००,०००.००
५३	लैससास/सामाजिक परीक्षण/ सार्वजनिक सुनुवाइ		प्रशासकीय सुशासन	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	७५,०००.००	७५,०००.००	७५,०००.००	७५,०००.००	३,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
५४	सामी परीयोजना साझेदारी कार्यक्रम		श्रम तथा रोजगारी	२२५२२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	१,७५,०००.००	१,७५,०००.००	१,७५,०००.००	१,७५,०००.००	७,००,०००.००
५५	विविध कार्यक्रम खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२५२९	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००
५६	अनुगमन, मूल्यांकन खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००
५७	भ्रमण खर्च (कर्मचारी / जनप्रतिनिधी)		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२६१२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	जना	४,५०,०००.००	४,५०,०००.००	४,५०,०००.००	४,५०,०००.००	१८,००,०००.००
५८	Water Quality Testing Programme (खानेपानी गुणस्तर परीक्षण तथा निगरानी)		खानेपानी तथा सरसफाई	२२७११	राजस्व बाँडफाँड - स्थानीय - नगद	१	संख्या	०	०	०	१,००,०००.००	१,००,०००.००
५९	न्यायिक समिति बैठक भत्ता तथा अनुगमन खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२७११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२५,०००.००	२५,०००.००	२५,०००.००	२५,०००.००	१,००,०००.००
६०	मानव सेवा आश्रम लगायत संघ संस्था अनुदान		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२७११	नेपाल सरकार - समानिकरण अनुदान	१०	संख्या	१,४०,०००.००	२,१०,०००.००	२,१०,०००.००	१,४०,०००.००	७,००,०००.००
६१	विविध खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२७११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	३,५०,०००.००	३,५०,०००.००	३,५०,०००.००	३,५०,०००.००	१४,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
६२	होमस्टेमा ५०% तथा धर्मशालामा १००% लागत साझेदारीमा शौचालय, स्नानगृह, सुरक्षित खानेपानी तथा फोहोर व्यवस्थापन संरचना निर्माण (Sustainable Tourism Programme STP, NGO/INGO/साझेदार संस्थासँग सहकार्य सहित)		भवन, आवास तथा सहरी विकास	२२७११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	५	संख्या	०	२,००,०००.००	१,००,०००.००	२,००,०००.००	५,००,०००.००
६३	सभा सञ्चालन खर्च		कार्यालय सञ्चालन तथा प्रशासनिक	२२७२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	४	N/A	२,२५,०००.००	२,२५,०००.००	२,२५,०००.००	२,२५,०००.००	९,००,०००.००
६४	अंग प्रत्यारोपण गरेकालाइ अनुदान		स्वास्थ्य	२७१११	आन्तरिक श्रोत - नगद	४	N/A	७५,०००.००	७५,०००.००	७५,०००.००	७५,०००.००	३,००,०००.००
६५	स्वास्थ्य बीमा कार्यक्रम		स्वास्थ्य	२७१११	आन्तरिक श्रोत - नगद	४	N/A	३७,५०,०००.००	३७,५०,०००.००	३७,५०,०००.००	३७,५०,०००.००	१,५०,००,०००.००
६६	उद्दार, राहत तथा पुनर्स्थापना खर्च		विपद व्यवस्थापन	२७२१२	आन्तरिक श्रोत - नगद	४	N/A	२,५०,०००.००	२,५०,०००.००	२,५०,०००.००	२,५०,०००.००	१०,००,०००.००
६७	प्रकोप/विपद् व्यवस्थापन कोष		विपद व्यवस्थापन	२७२१२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	३,७५,०००.००	३,७५,०००.००	३,७५,०००.००	३,७५,०००.००	१५,००,०००.००
६८	घरभाडा		कार्यालय सञ्चालन तथा प्रशासनिक	२८१४२	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	१,२५,०००.००	५,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
६९	सवारी साधन तथा मेशिन र औजार भाडा		कार्यालय सञ्चालन तथा प्रशासनिक	२८१४३	राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद	४	N/A	५०,०००.००	५०,०००.००	५०,०००.००	५०,०००.००	२,००,०००.००
७०	उपल्लो माझखर्क बाबा समूह भबन निर्माण	७	भवन, आवास तथा सहरी विकास	३११११	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	५,००,०००.००	०	०	५,००,०००.००
७१	पवित्रा आमा समूह भवन निर्माण	२	भवन, आवास तथा सहरी विकास	३११११	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	०	३,००,०००.००	०	३,००,०००.००
७२	भुन्टेस्वारा तामाङ समाज घर निर्माण	७	भवन, आवास तथा सहरी विकास	३११११	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	०	५,००,०००.००	०	५,००,०००.००
७३	भविष्य निर्माण आमा समूह भवन निर्माण	७	भवन, आवास तथा सहरी विकास	३११११	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	०	५,००,०००.००	०	५,००,०००.००
७४	लप्सीबोट आमा समूह भवन निर्माण	७	भवन, आवास तथा सहरी विकास	३११११	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	०	०	७,००,०००.००	७,००,०००.००
७५	विपद् प्रभावित लाभग्राही आवास निर्माण सहयोग		विपद व्यवस्थापन	३११११	आन्तरिक श्रोत - नगद	४	६/क	२,५०,०००.००	२,५०,०००.००	२,५०,०००.००	२,५०,०००.००	१०,००,०००.००
७६	ऋसिङ कम्प्यू गुम्बामा शौचालय निर्माण	८	पर्यटन	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	०	२,००,०००.००	०	२,००,०००.००

क्र. सं.	कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम	वडा	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
								पहिलो त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा
७७	कान्लेबेशी थान ट्रस निर्माण	३	पर्यटन	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	०	४,००,०००.००	०	४,००,०००.००
७८	बुद्ध मिलन आमा समूह भान्छाघर निर्माण	८	भवन, आवास तथा सहरी विकास	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	०	३,००,०००.००	०	३,००,०००.००
७९	वडा कार्यालय भवनमा कोठा निर्माण	८	भवन, आवास तथा सहरी विकास	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	१	संख्या	०	७,००,०००.००	०	०	७,००,०००.००
८०	हिमालय क्षेत्रसिङ प्रा.वि.मा फलसिलिङ निर्माण	८	शिक्षा	३१११२	नेपाल सरकार - समानिकरण अनुदान	१	N/A	०	२,००,०००.००	०	०	२,००,०००.००
